
# सगर



१

# सगर

उत्कृष्ट साहित्यिक त्रैमासिक

२०५३ वैशाख, ज्येष्ठ, आषाढ

वर्ष-१ अङ्क-१

**सम्पादक**

धर्मेन्द्र भट्टराई

शान्त बस्नेत

**अतिथि सम्पादक**

घनश्याम 'परिश्रमी'

**विशेष सहयोगी**

वीरहर्ष शाक्य

बसन्त अग्रवाल

**प्रकाशक**

सगर प्रकाशन समूह

वीरगंज, पर्सा

२-३१४०

मूल्य रु० १०।-

**कविता / गीत / गजलतर्फ**

गोविन्द विकल / १

मनु ब्राजाकी / ८

भावेश भुमरी / १५

सुविद गुरागाई / ५४

डि० बी० इलामे / ५६

**कथा / लघु कथातर्फ**

सपूत कार्की 'गाउँले' / १६

पदम गौतम / ५५

**समालोचनातर्फ**

भगवान चन्द्र ज्ञवाली / ९

डिल्ली राम 'श्रमजीवी' / ४६

**निबन्ध / संस्मरणतर्फ**

रमेश गोर्खाली / ५

क्याप्टेन जनक बहादुर राणा / २१

**अन्तर्वार्तातर्फ**

डा० भीम चरण थापा / ३६

# मरुद्यानमा रूपान्तर गर्ने सदिच्छा

साहित्य समाजलाई सुन्दर ढंगले चित्राङ्कन गर्ने सशक्त माध्यम हो । साहित्यको समृद्धिले राष्ट्रिय समृद्धिको सङ्केत गर्दछ । त्यसो हुँदा साहित्यको महत्व हिजो जे-जति थियो आज पनि त्यतिकै रहेको छ र भोलि पनि रहने नै छ; तर वर्तमान साहित्यको अवस्था दुर्गतिपूर्ण दृष्टिगत हुन्छ । अश्लील पुस्तक–पत्रिका तथा विभिन्न सञ्चारमाध्यमका छाडा कार्यक्र-महरुबाट पर्न जाने सामाजिक दुष्प्रभाव यसको यौटा प्रमुख कारण हो । यस्तै नाना दुषप्रभावहरुले प्रश्रय पाउँदै जाने हं भने भोलि साहित्यका सामु प्रश्न चिन्ह खडा नहोला भन्न सकिन्न । अतः सच्चा र सचेत साहित्यकारहरुले बेलैमा सज... र सक्रिय हुनु अत्यावश्यक छ ।

साहित्यिक दृष्टिले मरुभूमि तुल्य रहेको यस वीरगंज नगरमा सिर्जनाका सुन्दर र सुवासित सुमनहरु ढकमक्क फुलाएर यस क्षेत्रलाई मरुद्यानमा रुपान्तर गर्ने सदिच्छासाथ सगर प्रकाशन समूहले 'सगर' साहित्यिक त्रैमासिकको प्रकाशन थाले-को हो । हाम्रो अभीष्ट हो, 'सगर' उत्कृष्ट साहित्यिक पत्रिका बनोस् । यस निम्ति हामी स्रष्टाहरुबाट उत्कृष्ट रचनाहरुको अपेक्षा राख्तछौं ।

# अँधेरी खोला, सिस्नु र साहिँली सकिनी

– गोविन्द विकल

एउटा अंधेरो खोला छ
दुई अभिमानी चट्टान जस्ता
पहाडहरूले च्यापिएर
बहिरहेको एक्लो तर उत्साही
निरन्तरताको नमूना
पहाडहरूको छातीमा उम्रिएका
बाक्ला भुत्ला जस्ता रूखहरूले छोपिएको
अंधेरो खोला
सुनाइरहेको
गुनगुनाइरहेका
छङ्छङाई रहेको
असंतुष्टि सुनाइरहेकी
एउटी दुःखी कलाकार जस्तो
अँधेरी खोला
अँधेरो छ जहाँ कहिले घाम छिर्न सक्तैन
हो, जहाँ कहिले उज्यालो खसेर अंधकार राम्ररी चिर्न सक्तैन
त्यहीं अँधेरी खोलाको संग्लो पानीमा
छन् माछाहरू नाचिरहेका
र बगरको छेउछाउमा चराहरू उफ्रिरहेका
पोथ्रा पोथ्रीहरुमा देखिन्छन्

सृष्टिका कला मुक्त भएर रमाइरहेका
त्यो अँधेरी खोलामा को जान्छ ?
तिर्खा लाग्दा, त्यहाँको पानी पिउन कसको हिम्मत छ ?
हो ! हिम्मत छ कसको
त्यहाँ दिनमै भए पनि एक्लै जिउन ?
साइँली सकिनो – साइँली सकिनी
हाम्रो गाउँकी सबभन्दा सोझो
हेपिएको, तल्लो जात र तल्लो वर्गको
त्यसमा पनि आइमाई भनेर
उपल्लो तहबाट खिसो टिउरो गरिएको
थिचिएको, किचिएको मिचिएकी
निर्मम - निर्मम गरिबीले सताइएकी
परिश्रमो र साहसको धनी
साइँलो सकिनो
आफू पनि अँधेरो खोला जस्तै भएको छे
अँधेरी खोला जस्तै
झन् छोराछोरो स्कूल जानै नपाएका
दुईछाक राम्ररी मोठो खानै नपाएका
छन् धैला –मैला, फाटेका–टालेका लाएका
लोग्ने असक बिरामो क्षयग्रस्त
मालिकको हलो, हलो जोतेर नै उमेर बिताएका
गाउँमा
हो, गाउँमा
साइँली सकिनी काम पाए गर्छे बनो
नहुँदा आउँछे अँधेरी खोला
पातालको जंगल र खोज्छे च्याउ, निगुरो, वन - तरूल
गाइँली सकिनो

अँधेरो खोलामा एक्लै पनि हिड्छे - आतिन्न
टिप्छे सिस्नु– बाँसको चिम्टाले
र राख्छे डालोमा
संझेर भोको लोग्ने, भोका छोराछोरी
एकमुठो चामलको कनिकामा
सिस्नु हालेर पकाएर खुवाउन पाए
उसलाई हुन्छ आनन्द र स्वर्गीय आनन्द
साइँली सकिनो
बुझ्को छैन उसले तपाइँले जस्तो महिला जागरण र मुक्ति
या गरीबीबाट पार पाउने वर्गीय युद्ध र जुक्ति
कसले पो उसलाई पत्याउँछ र ?
कसले पो उसलाई संझाउँछ र ?
नारा, भाषण सुनेर के बुझ्ने उसले कसरी ?
भातको निम्ति युद्धमा नै उसको उमेर ढल्कियो
जिन्दगी उसको गल्यो र चल्यो
हो ! जिन्दगी उसको डालोमा दुर्दशाको फल जस्तै फल्यो ।
एक दिन
हो, साइँलो सकिनोलाई एकदिन
जंगलको भालुले आक्रमण ग-यो
पंजाले चिथ-यो
मासुमा नङ्ग्रा गाड्यो
अनि उसले झिकी कम्मरको खुर्पा
र मच्चाएर हिर्काई भालुको थुतुनोमा
भालु रक्ताम्मे भयो र ढल्यो
पछि स-यो खोलामा पसेर बग्यो–म-यो

यसरो साइँली सर्किनो
गाउँभरिको दन्त्यकथाकी पात्र जस्तो वीरांगना बनो
गाउँभरि घटनाको हल्ला र चर्चा भयो ।
कि साइँलो सर्किनी मान्छे होइन
यो कुनै पिसाच हो - हो कुनै डंकिनी
यसो भन्थे डाहोहरू औडाहा भएर
डरलाग्दो अद्‌भूत प्राणी - साइँली सर्किनो
घिनलाग्दो अजिब मूर्ख
र भन्थ्यो उसको पति
४. री साइँली हो मायालु
हसकी धनी र बुद्धिमानो
इँली सर्किनो
उँमा छे अझै पनि
! जनता, जनताको नाममा
तदिन चिन्तित कवि हो
जाऊ र भेट त्यो साइँली सर्किनीलाई
उसको बारेमा लेख गीत, कविता र कथा
एकाकार होऊ उसको पोडासंग
र उसको जिन्दगीनामा लेख
तिम्रो हृदयमा उसको बारेमा उम्रने भाव - चेतना
लेख साइँली सर्किनोको गाथा
अपिल हो यही तिमीलाई मेरो कविता ।

# फुंग उडेको श्री हीन अनुहार

—रमेश गोर्खाली

कृत्रिम भनेको अन्ततः कृत्रिम हो र यसले दिने खुशी अभर पर्यो र क्षणिक हुन्छ। कृत्रिमताको चुरोमा अल्झे र प्रायः गरी अधिकांशको जिन्दगीको वाम छाया दिन्ने रहेछ। यस बारे प्रारंभमा प्रत्यक्षतः धेरैं कुरा कसैलाई थाह हुँदैन, थाहा भइ सक्ता सम्म समय भिड्कि सकेको हुन्छ। जीवन चर्चाको नागबेल दुई उकालोको आरोहण गर्दै जाँदा ईन्द्रिय जनित अन्त चर्चाहरु खुल्न थाल्छन र हामी, अन्य, अन्यान्य वा आफ्नै दृष्टिमा के हो र के रहेछौं भन्ने प्रसंगको अत्यन्त मन्थन हुन थाल्दछ।

सुधारिएको र समाह्वान गरिएको बहु प्रतीक्षित राजनैतिक पद्धति छ, मनमा विभिन्न परिचित, अर्द्ध परिचित र अलमलमा परेका आफ्ना भन्न मिल्ने अनुहारहरु छन्, ती माथि भर परीं वा नपरीं, अन्तर्द्वन्दले मेरो मन अस्थिर हुन पुग्दछ। घृणित, प्रदूषित र कष्टकर विगत त संकटापन्न हुंदै कतिपय दृष्टिले हेर्लियो भने यथास्थिति त्यति शिथिल र नकारात्मक छैन, हृदयको कुनै आयु कुनामा आफ्नै किसिमका संकोचहरु विद्यमान छन्। तर दुःख केमा छ भने यौटा सबल र सुदृढ मूल्य प्रणालीको आश्वस्ति भने कतैं छन, कहालिएको मुटुलाई सर्वाधिक गिजोल्ने कटु प्रकरण यही बन्न पुग्छ।

यथार्थतः व्यवहारको बान्की र आन्तरिक खान्कीको कुटिलताले ग्रसित छन् आराध्य ठानिएकाहरुका पनि मानसिकताहरु यस स्थितिमा एकान्तमा आफूलाई मात्र कसरी छकाइ रहने र ?

व्यक्तित्वको प्रचारमा अनुहारको मिहिन भूमिका छ र त्यो सार्वजनिक अनुहार स्वयं परिचयको संकटमा छ भन्दा कतिलाई शीघ्र विश्वास लाग्दैन होला। तर सत्य र शाश्वत यही हो र यसै भुक्तमानको ताकिकता छ। व्यक्ति वृत्तको अभिन्न हिस्सा रहेको आ-आफ्नो भव्यानुहारको ठाउँ - ठाउँको प्रदर्शन कस्तो हुन गएकोछ त्यसबारे निजात्मक विश्लेषण र दृष्टिकोणहरु छन् र तिनले निकटलाई विश्वसनीयता दिन सकेको देखिदैन।

आर्थिक र राजनैतिक परिमार्जन नआइ सकेको परिवेशको बासिन्दा भएकाले मेरो जस्तो दयनीय अनुभवलाई धेरैले संगालेका हुन सक्छन् र यस्ता तिक्तताहरुको अक्षरांकन आवश्यक छ। आजको स्वार्थशील मानव, क्रमश: बदलि रहने कतिपय धूमिल चित्रहरुको यौटा एलबम वा समष्टि हो, जहाँ औंलाको स्पर्शन यौटै पृष्ठमा मात्र अडिएर बस्दैन, बरु पाताहरु क्षणक्षणमा मनोरंजक वा अति-रंजक ढंगमा पल्टेर हुने गर्दछ। यसरी अवसरवादिताको छनकमा मानवीय धृष्टता गतिशील रहेको ज्ञात हुन्छ।

सुख भनेको निजात्मक हित र रगतका संधियारहरुको स्वार्थ बनेकाले परिवर्तित क्षणमा पनि यहाँ प्राय: अरु प्रति आक्रोश र अविश्वास छ र त्यो धुवाँलो झन–झन बढि रहेको छ। बुद्धिजीवीहरुको इमानदारीलाई पीपलपाते यो छायाले लखेटेको छ र समृद्धि र सत्ताकांक्षा सबैको मूल चाहना बनि दिएको छ। बाटो र दोबाटोमा श्री कुमारी र सिरिमायाहरुको मादकता र रोचकता पनि अब रहेन, नराम्रो किसिमका असाध्य कुन–कुन रोगहरु फैलिएका छन रे।

देशका लाखौं, करोडौं निवासीहरु बीच म पनि यौटा सामान्य नागरिक हुँ। कुलीनताको पृष्ठभूमि रहे पनि मेरा बाल्यकाल स्वयं अरुहरु समान नै अभाव र समस्यामा बितेका हुन् भन्ने खुलासा गर्दा मलाई त्यति ग्लानि हुदैन। तर यौटा कुराले मेरो चित्त धेरै कुँडिन्छ र समय–समयमा त्यसबाट पिल्सिरहन्छ किन भने म जस्तै वा म भन्दा न्यून स्थितिमा कैशोर्य बिताएका कतिपयमा समेत अब त्यो परम्परागत निष्कपटता र उदारता रहेन जुन एकताका सांस्कारिक वैभवको रुपमा मर्यादित थियो। यसले गर्दाको आफ्नो, को पराइ र कसमाथि ...तीम निर्भर रहने, त्यो विशुद्ध परिस्थिति हराउन पुग्यो।

कंचन कनकरुपी शुभ व्यक्तित्व र तिनको श्री युक्त आकर्षण अब भेटिदैंन । वस्तुत: त्यसका लागि जति नै विविध प्रयासहरु गरियोन् । पटक–पटक मलाई के लाग्छ भने मेरो वा अरु कसैको अनुहार, वंशानुगत प्रतिकृति मात्र होइन रहेछ बरु त्यो राष्ट्रको तस्वीर र राष्ट्रिय परिचालनको दर्पण हो । जसको खुशी उल्लास र पीडाले देशको सफलता, विफलता र अराजकताको दस्तावेजलाई प्रस्तुत गर्दछ र जसमा राजनैतिक निर्गतका असंख्य तथ्य र तथ्यवृत्त संकेन्द्रित छन् ।

विहान सखारैं वा आठौ प्रहरको कुनै क्षणमा बाटो, मोड, बिसौनी र अन्य मानवीय भीडमा फुंग उडेको यौटा श्री हीन अनुहार झुल्किन सक्छ र त्यो निस्तेज र दिक्दारी युक्त अनुहार कसको हो भनेर चियो चर्चा हुन सक्छ । संक्षिप्तत: गंभीरताले निरुपण गर्दा मुलुकवासीहरु बीच उक्त शोकविद्ध र मलिन अनुहार कुनै एक वा कसैको पनि ठहरिन सक्छ । प्रणालीमा नीति निर्माताहरुको स्मरणमा त्यस मुखाकृतिको अस्तित्व र परिचयको लामो आँकडा अनिच्छावश पनि बारम्बार तेर्सिन सक्दछ, र विरामहरु रहेमा त्यसले तर्साउन सक्दछ । के गरौ, यही छ रीतिथिति र वस्तु स्थिति ।

---


# नयाँ वर्ष २०५३ को

उपलक्ष्यमा

सुख, समृद्धि एवं सुस्वास्थ्यको

## हार्दिक मंगलमय शुभकामना

### वीरगंज उद्योग वाणिज्य संघ

# गजल

– मनु ब्राजाकी

भौंतारिने 'मनु' लाई बास दिने ठाउँ छ
तिम्रो शहरदेखि टाढा मेरो यौटा गाउँछ

बिजुलीको प्रकाशमा जाग्दो होला भावना
चेतना त दियो बाल्ने झ्यालतिरै पाउँछ

जोसँग छ नाम ठूलो तिनीलाई नमस्ते
बदनामहरू बीच मेरो पनि नाउँ छ

जिन्दगीमा विष पनि तिमी बाटै खाएछु
सोझो मन त तिम्रो गुन अझसम्म गाउँछ

'मनु' लाई देखेरछि 'धनु' जस्तो लाग्मोकि ?
यसंगरी झुक्किएर उसले माया पाउँछ

मृत्युशैयामाथि पनि कसको आयो सम्झना ?
हो त अझै निको हुन बाँको यौटा घाउ छ

कालसँगै जन्मिएर हुकिएको 'मनु' लाई
बिदावादी गरे पनि फेरि फर्की आउँछ

# कङ्काल : एक विनिर्मुक्त अवलोकन

भगवान चन्द्र जवाली

१. विषय प्रवेश : विश्व साहित्यको इतिहासमा एकाङ्की एक नवीनतम विधा हो। यो युरोपमा औद्योगिक क्रान्तिकालमा नाटकको मञ्चन शुरु हुन भन्दा पहिले नै दर्शक दीर्घामा जम्मा हुन आएका दर्शकहरुको नीरस प्रतीक्षालाई सरसता दिँदै मनोरञ्जनद्वारा टिमाल्ने प्रयास गर्दा देखाइएका पट–उन्नायक प्रहसनहरु कालान्तरमा विकसित हुँदै एकाङ्कीको रुप लिन पुगेपछि नाटकको प्रतिस्पर्धा र समानान्तरमा एक भिन्न र नूतन विधाको विकास हुन गएको हो र विश्वसाहित्यमा फैलिएको हो।

एकाङ्कीले पूर्णाङ्कीले भन्दा भिन्न जीवन जगत र सम्बद्ध विषय वस्तु कुनै एक वा अंश विशेषको समग्रतामा चित्रण गर्दछ । त्यसैले यसलाई समग्र दृश्य देखिने एक अन्विम्यालको संज्ञा दिइएको हो। नाटक (पूर्णाङ्की) सँग दृश्यात्मक र अभिनेय वस्तुमा समानता राखे पनि मौलिक रुपमा यसमा प्रशस्त भिन्नता पाइन्छ । छिटै तीव्र प्रभावकारी ढंगले थोरै रङ्गकर्मीहरुद्वारा पनि अभिनीत हुन सक्ने हुनाले यसले छिटै लोकप्रियता पनि प्राप्त गर्न सकेको हो। लेखनको दृष्टिले पनि यसले नाटकलाई उछिनिसकेको अनुभव हुन्छ । रचना विधानले पनि एकाङ्कीकारलाई घोरिनु पर्ने अप्ठ्याइँ देखिँदैन ।

नेपाली साहित्याकाशमा यसको उदय विक्रमीय बीसौं शताब्दीको अन्तिम दशकतिर पूर्वी प्रयास दार्जिलिंगबाट भएको जानकारी पाइन्छ। भारतको हिन्दी र बंगाली भाषाको प्रभावक्षेत्र भएकोले तद्‌गत प्रभाव ग्रहण गरेर केही बेनामी व्यक्तिहरुले यसलाई नेपाली साहित्यमा भित्र्याए । देशभित्रको तत्कालीन निबद्ध परिवेशमा पनि यसले प्रखर कलमवीरहरुबाट मलजल पाएर हुर्कन सकेको हो। मा

क्रमश: वटवृक्ष झैं झाँगिदै र हुर्किदै गर्ने अवसर प्राप्त गरेको र विषयवस्तुको छनौटमा निर्वाधता प्राप्त गरेको छ । नेपाल भित्र भने राजधानीको मलिलो माटोमा नाट्य-सम्राट बालकृष्ण सम र पुष्कर शम्शेरका कलमहरु अंकुरित हुने अवसर पायो ।

२. प्रस्तुत्य एकाङ्की र एकाङ्कीकार :- आधुनिक नेपाली नाटकमा स्व. गोपाल प्रसाद रिमालले भित्र्याएको यथार्थवादी प्रवृत्तिलाई पछ्याउँदै नाटक तथा एकाङ्की सृजनामा लाग्ने विजय बहादुर मल्लको एकाङ्की सृजनकलामा आफ्नै प्रतिमान कायम छ । उनका प्राय: कृतिहरुमा कतिपय समानधर्मी गुणहरु देख्न पाइन्छ र पनि विषयवस्तु र प्रस्तुति शिल्प भने भिन्न हुन्छ । वर्तमान विश्वको विवशता, सामाजिक, बेमेल, परम्परित बेस्थितिको परिसरभित्र छटपटिएर बाँचिरहेका मानवीय आकांक्षा र मनस्थितिको युगीन चित्रण उनका कृतिहरुमा देख्न पाइन्छ । तिनै विवशता, परिस्थिति र विषमता भित्र उनका पात्रहरु संघर्षशील भएर उपस्थित हुन्छन् । आजको जीवनको यथार्थता र त्रास समस्या, द्वन्द्व र त्यसको रहस्यमय प्रभावले पिरोलिएका मानिसहरुको जमातबाट टिपिएका उनका पात्रहरु जीवनको खोक्रोपनसंग पनि स्पर्धा गर्छन् । बाँच्नका लागि दुराग्रह जीवनको विसंगति, निस्सारता र निरर्थकताको बोधले मान्छेको मनस्थितिमा युगजन्य असामान्य परिस्थितिका प्रति विद्रोह शुरु हुन्छ । उनको नाटयकृतिगत प्रवृत्ति जीवनको गहिराइबाट उठेर अतियथार्थतातिर उन्मुख हुन्छ । विविध मनोवैज्ञानिक तथा मनोविश्लेषणात्मक तत्वहरुले उनका नाटकमा सफल प्रस्तुति प्राप्त गरेका छन् । नयाँ नयाँ विषय वस्तुलाई आफ्ना एकाङ्कीहरुमा समावेश गर्नु उनको विशेषता नै मानिन्छ । यहाँ प्रस्तुत गरिने एकाङ्की "कङ्काल" उनको त्यस्तै एउटा कृति हो ।

काठमाण्डौको मध्यम वर्गीय नेवार परिवारमा वि. सं १९८१ मा जन्मेका मल्ल 'शारदा' पत्रिकाका सम्पादक तथा साहित्यकार ऋद्धि बहादुर मल्लका कान्छा छोरा र गोविन्द बहादुर मल्लका भाइ हुन् । घरमा हुने ठूलो विद्वान तथा साहित्यकारहरुको भेला तथा पारिवारिक साहित्यिक परिवेशबाट कृष्णा गण्डकीको तटको ढुङ्गा शालिग्राम बन्ने वातावरण मिल्यो । कृतिमा विशिष्टता प्रतिमा बनेर मौलायो ।

कङ्काल : विषय वस्तु-प्रथम दृश्य विद्यार्थीको कोठामा खुल्छ । आफ्नै कोठामा

जुन्ड्याएको कङ्कालका अंग प्रत्यंगमा लट्ठीले छुँदै पढ्दा–पढ्दै ऊ थाक्छ र राती अकेला बिछौनामा सुत्न भनेर पल्टन्छ र कुनै युवतीको पनि उक्त कङ्काल हुन सक्छ भन्ने शंकाजन्य विचार मनमा खेलाउँदै हुन्छ त्यति बेरमैं पदचाप सुन्छ र झ्यालबाट छिरेको जूनको टकमा एक मानव छाया चलेको देखिन्छ ।

बन्दकोठामा अवाञ्छित नारी–आकृति यसरी आकस्मिक रुपमा प्रवेश गरेको देखेर विद्यार्थी आश्चर्य चकित हुन्छ । विद्यार्थीले गोधेका प्रश्नको जवाफ दिनु भन्दा पनि सो नारी आकृति युवकलाई नखरा देखाइ आफूतिर आकर्षित गर्न खोज्छ । यसरी अचानक त्यहाँ प्रवेश गर्नको कारण जान्न खोज्दा शृङ्गारिक हाउभाउ देखाउँदै आफ्नो कङ्काल लिन आएको त्यसको जानकारी उसले थाह गरेनि आफूलाई हुन आएको कुरा बताउँदै आफ्नो विगत जीवनको वर्णन गर्न थाल्दछे । आफू सानै छँदा विवाह भएको र केही समयपछि विधवा हुन परेको र दाजुकहाँ बस्दै गर्दा बिरामी परेको डाक्टरलाई घरैमा बोलाएर जँचाउन लाग्दा डाक्टरको स्पर्शले रोमाञ्च भएर प्रेमांकरण भएको तर लोकापवादले व्यक्त गर्न नसक्दा विधवा विवाह गर्न आँट गर्न नसक्ने डाक्टरले पनि आफ्नो मनलाई दबाएर पारिवारिक इच्छानुसार अन्यत्रै विवाह गर्न लागेको जाकनारी युवतीलाई सहन नसकेर आउँने दुवैजनालाई विष प्रयोग गरेर दुवैको मृत्यु भएको कुरा परिदृश्य जस्तै बेलिविस्तार लाउँछे । उसको वर्णन–सम्बद्ध मृतात्माहरु दूरदर्शनमा जस्तै सामुन्ने उपस्थित हुन्छन् र लोप हुन्छन् । त्यतिबेला बाहिर हल्ला सुनिन्छ बिहान भैसकेको हुन्छ । त्यसैले युवती आफ्नो कङ्काल फेरि लिन आउने वचन गर्दै हतारमा उही भित्तामा विलीन हुन्छे ।

४. **समीक्षा** –सिद्धहस्त समस्या नाटककारले नाटकमा असामान्य कथावस्तु चयन गरेका छन् । रवीन्द्रनाथको यसै नामको कथाबाट उनकै वार्षिकोत्सवमा मञ्चन गर्नका निम्ति नाटककारले कथावस्तु लिएको आत्मस्वीकृति व्यक्त गरेका छन् । यस्तो घटनाको नेपाली समाजमा कतै लोक चर्चा भएको पनि पाइँदैन । यसको कारण मेडिकल साइन्स पढ्ने विद्यार्थीहरुकै अभावले पनि त्यसो हुन सक्छ । घटना स्वाभाविक छ । यो नाटककारको अतियथार्थ कल्पनाको अभिव्यक्ति माने हुन्छ । यसमा मानव र प्रेतात्माको काल्पनिक प्रेमसम्बन्ध देखाइएको यसको मुख्यपात्र एउटा मा

मेडिकल विद्यार्थी हो। ऊ राति अबेलासम्म अध्ययन गर्दा थाकेर बिछ्यौनामा पल्टेर सोच्न उसँग कङ्कालबारे उसले गरेको विचारले सार्थक रुप लिएको छ। यस्तो विशेषतः सिपाहीहरुसंग हुने गरेको सुनिन्छ। हाम्रो समाजमा सिपाहीहरु किचकन्नेको यौनाकर्षणमा फसेका र बर्बाद भएका कथोपकथन सुन्न पाइन्छन्। अन्य यस्ता वर्गको मानिसहरुसँग भने जोडेको पाइन्न।

मनोवैज्ञानिक मूल्यांकनमा मुख्यपात्रको अहं आहत छ। के गर्ने र के नगर्नेको द्वन्द्वमा नायक निरस्त देखिन्छ। प्रेत र जीवात्माको भेद नगर्ने हो भने युवतीको व्यक्तित्व डोमिनेटिंग देखिन्छ। युवतीसंग युवक प्रेम गर्न वा दुत्कार गर्न सक्दैन। यहाँ निर उसको पराभूत मानसिकताले काम गरिरहेको छ। न्यून स्व (इन्फेरिअरिटी) को कुरा पनि यहाँ न देखिने होइन। जेहोस् घटनाले सन्त्रास अवश्य सृजना गरेको छ।

एकांकीमा चरित्रका अतीत जीवनको पुनः प्रस्तुति गरिएको छ प्रेतस्त्रीहरु लज्जाहीन हुने वासनालाई सामान्य आवश्यकताको विषय ठान्ने रहस्यका साथै कङ्कालका पछाडि पनि मानव अस्मिता र इतिहास लुकेको हुन्छ भन्ने गम्भीर विषयतिर नाटकले डो-याउँछ। युवतीको आफ्नो अतीत वर्णनलाई सुनेपछि जीवन छदैंका असन्तुष्टिहरुलाई तुष्ट गर्ने प्रयास प्रेतात्माद्वारा भए तापनि तुष्टि प्राप्त हुन सक्दैन, भोग जीवनका लागि नै हो जीवन छँदै जे गरिन्छ त्यो नै उत्तरजीवनको उपलब्धि हुंदो रहेछ। जीवन नै कर्म र फलोप भोगको साधन हो। त्यसैले यसै चोलामा मानिसले आत्मालाई सन्तोष दिने काम कर्तव्य गर्नु पर्ने रहेछ भन्ने कर्मवादी दर्शनको तथ्यलाई पनि नाटकले समावेश गरेको छ। मृत्युपछि अवशिष्ट चाहना र आकांक्षाहरु पूरा गर्न पाइन्न भन्ने उनको धारणा हो। त्यसैले शरीर छदासम्म इच्छा र आकांक्षाहरुको परिपूर्तिको उपाय खोजिनु पर्छ। ऐहलौकिक जीवनमा केही नगरेर हात बांधेर बस्दै पछुताउनेहरु पारलौलौकिक संसारमा पनि पछुताउने हुन्छन् भन्ने सत्यलाई उद्घाटन गर्दै यसै चोलामा नै मानवीय इच्छाहरु पूरागरिनु पर्छ अन्यथा मृत्युपरान्त असम्भ हुने रहेछ भन्ने पराभौतिक कुरा ब्यक्त गरिएको छ।

प्रेम मर्त्यलोक/जीवलोकको उपज हो। शरीर जीवन होइन यो त आत्म

तत्वको प्रतिनिधि वा जीवनको प्रतीक मात्र हो। अन्तर्हृ दयानुभूति नै त जीवन हो भन्दै उत्तर जीवनवादी अध्यात्म दर्शनको पृष्ठ पोषण गरे जस्तो अनुभव पनि हुन्छ। त्यस्तै पैशाचिक जीवन प्रतिको विश्वासको एक ज्वलन्त नमूना पनि बन्न गएको छ यो एकाङ्की। नाटककारको मूलभूत अभिप्राय भने मनो विश्लेषण रहेको छ। शरीरधारी मनुष्य आफ्ना इच्छाहरुलाई सबै पूरा गर्न सक्दैन तर यी विदेही पार्थिवत्व नभएका प्रेतात्माहरु वाञ्छित रुप धारण गर्न सक्छन् र शरीरेतर कामहरु इच्छाहरु पूरा गर्न सक्दा रहेछन् तैपनि सन्तुष्टि शरीरजन्य गुण रहेछ भन्ने कुरा स्पष्ट छ। प्रेतात्माहरुको पार्थिव शरीर नहुनुका कारण दृष्टिगोचर नहुनु, रुपानेक धारण गर्न सक्नु तथा अस्वाभाविक गति हुनु कै कारण उनीहरुसंग डराउनु पर्ने आवश्यकता छ। युवती ( प्रेत ) को प्रवेशले युवक भयाक्रान्त छ उसको कोठाको वातावरण त्यसै त राति अझ प्रेतको प्रवेशले त्रासमय बनेको छ। पाठकमा पनि त्यसको अनुभूति कठिन हुन जान्छ। तर स्वाभाविक अवस्थामा भने त्यस्ता निकृ- ष्टात्मासंग डराउनु पर्ने कुनै कारण छैन। प्रतिशोधमा त तिनीहरु अति भयानक हुन्छन् भन्ने नाटक ( एकाङ्की ) ले दर्शाएको छ।

एकाङ्कीको अर्को पक्ष जीवनको बेमेल र विसंगति देखाउनु हो। त्यो मानवीय हुनु पर्ने जीवन–तत्व प्रेम निर्जीवमा स्थापित भएको छ। वास्तवमा त्यो प्रेम होइन, अपूर्ण वासना हो यौनेच्छा हो। शरीरधारी विद्यार्थी मृतवत् निरीह जीवन बाँची रहेछ भने जीवन–तत्व मृतात्मामा समाहित छ। यो प्रेमाकर्षणको विलोम अवस्था हो। उसको हाउभाउले आकर्षित मनुष्य त्यस अपार्थिव प्रेतयुवती प्रति झुकाउ राख्छ र उसैबाट प्रेमरसानुभूति उद्दीप्त भएको अनुभव गर्छ। जीव- न–तत्व जीवबाट टाढिएर त्यसको ठाउँ जीवावशेषले लिएको छ। यही नाटकले देखाउन खोजेको विसंगति हो। मृतात्मामा पाइने वासना; सामाजिक बन्धन र विकृतिहरुले आक्रान्त भएकाहरु (मृत) को जीवनको व्यथा पीडाबाट शिव र सुन्दर खोज्ने प्रयासलाई दर्शाइएको छ। जीवन त दुःख र पीडाहरुसंग घोलिएको छ। सुख, शान्ति र आनन्द त त्यसै बीचबाट खोजिनु पर्छ भन्ने कुरा स्पष्ट हुन्छ। एकान्तमा हाडखोरहरुसंग खेल्ने विद्यार्थी बाध्यता र विवशताले नीरस जीवन बिताउने प्रतीक बन्न पुगेको छ। यसरी शून्यमा अस्तित्वको खोजी गर्न पनि नाटक प्रेरक

मा

बन्न सक्छ । निरंकुशताको कालरात्रिमा नेपालीहरु अभाव र विसंगति भित्र अस्तित्व वा जीवनको खोजी गरिरहेछन् वा त्यसो गर्न विवश छन् भन्ने समयसन्दर्भलाई पनि एकाङ्कीले इंगित गर्दछ । शून्यमा जीवन वा अस्तित्वको खोजी कठिन मात्र होइन असम्भव पनि छ । नीरस अर्थहीन विसंगतिमय जीवनमा कतै अन्धकारमा चम्किने सानो फिलिंगोले भावी सम्भाव्य प्रकाशको संकेत दिन्छ । त्यही सम्भाव्य प्रकाशले जीवन रक्षा गर्छ भन्ने कुरा प्रेत युवती केही गर्न नै नपाई फर्कनुबाट बुझिन्छ । नाटकले भौतिकबाट पराभौतिकतातिर डो-याए पनि भौतिक–तत्व नै जीवनको निकट हुन्छ भावमय संसारमा पूरा हुन नसकेका इच्छाहरु भावाभावमय संसारमा पूरा हुनै सक्दैनन् ।

समग्रमा नाटकले संगति–विसंगति, अस्तित्व–अनस्तित्व भावाभाव, शून्या-शून्य, भौतिक र आधिभौतिक वैचारिक तत्वहरुको सम्मिश्रण देखाएको छ । जीवनको गहिराइमा सबै किसिमका वादहरुको सहज उपस्थित रहन्छ नै । यिनै हुन एकाङ्कीमा अन्तर्क्षिप्त कुराहरु ।

समसामयिक सामाजिकता तथा व्यंग्य चेतनाले पनि एकाङ्की शून्य छैन । पुरुष प्रधान समाजमा नारी जातिको उपेक्षा तथा विधवाहरुको अवहेलना प्रति आक्रोश छ । उनीहरुले पुनर्वैवाहिक जीवन बाँच्न पाउनु पर्छ र त्यसले यथावत मान्यता पाउनु पर्छ किनकि उनीहरु पनि मानिस नै हुन् । अन्य मानिस सरह उनीहरुका पनि इच्छा र आकांक्षा हुन्छन् । कामशक्ति उनीहरु सरह नै हुन्छ । सामाजिक दुराग्रहका कारण ती रहरहरुलाई उनीहरुमा कुण्ठा वा हीनताग्रन्थीको विकास हुन सक्छ परिणामतः उनीहरु आत्महत्या वा स्वेच्छाचारतिर उनीहरु झुक्न पुग्छन् । या मृत्युपरान्तको काल्पनिक जीवन उनीहरुको चिरप्रतीक्षित विषय बन्न पुग्छ । जहाँ पुरुषहरुले अनेक विवाह गर्न पाउछन् त्यहीं विधवा नारीले पुर्नविवा–हद्वारा आफ्ना इच्छा र रहरहरुको आपूर्ति गर्दै यस जीवनमा त्यसको भोग गर्न किन नपाउनु ? पाउनु पर्छ भन्ने नाटककारको आग्रह छ यही एकाङ्कीको व्यंग्य हो ।

समाजले नारी अस्मितालाई दबाएको, उनले बालविधवा भएर बाँच्नु परेको उसको अशाम्य यौनेच्छाका कारण रहेको अवैध सम्बन्धले मान्यता नपाउनु वा त्यसको दुष्परिणामप्रति बेवास्ता गरिनु र सामाजिक बाटोमा विसंगति

देखा पर्नु जस्ता यथार्थ र अतियथार्थ कुराहरुको मेल यसमा देख्न पाइन्छ । साथै विधवा प्रति युवायौनाकर्षण र स्वेच्छाचार प्रति पनि एकाङ्कीले झटारो हानेको छ । त्यस्तै चिकित्साकर्मीहरुको पथ भ्रष्टता प्रति पनि एकाङ्कीले प्रकाश पार्ने प्रयास गरेको छ ।

विषयान्तर हुन जानाले विद्यार्थी र उक्त डाक्टरले अनावश्यक झमेलामा अल्झिनु परेको छ ।

त्यस्तै प्रेमीहरु आपसमा एकदम स्पष्ट हुनुपर्ने, विचार सञ्चारको अभावमा दुःख आइलाग्ने हुन्छ । एक अर्काको हृदय छामेपछि मात्र सहजीवनको निर्णय गरिनु पर्छ भन्ने प्रेरणा पनि एकाङ्कीबाट प्राप्त हुन्छ । यसरी केलाउँदा एकाङ्कीभित्रको गहिराइ अझै मननीय छ र खोतल्न बाँकी नै छ भन्ने विचार मेरो रहेको छ ।

# गीत

–भावेश भुमरी

गाउँबाट शहर पस्दा सुखी बन्ने आस भयो
शहरमा जिन्दगी नै समस्याको दास भयो ।

आकाश छुने महलमा सभ्यताको सुख देखें
गल्लीभरि आफू जस्तै दीन–दुःखी साथी भेटें,
चिसो रात काट्न मेरो सडकमा बास भयो ।
गाउँ छोडदा जिन्दगी नै सभ्यताको दास भयो ॥

धर्म गर्ने मान्छेहरू देउताको पाउ पर्छन्
भोका नाङ्गा मान्छेलाई रूवाएर पाप गर्छन्
मान्छे पुज्दा मानवता सडकमा लास भयो
शहरमा जिन्दगी नै समस्याको दास भयो ।

–मरन्ठाना-८, प्यूठान

मा

# गोपालकुटी

– सपूत कार्की 'गाउँले'

यो कथाको कुरा धेरै पहिलेको हो । मलाई राम्ररी सम्झना पनि छैन । म सानो छँदा यस कथाका नायकको मृत्यु भएको थियो । उनको मृत्युको बखतका कुराहरु भने अझै पनि मैले जे जति सम्झें त्यो टड्कारै छ । किनकि त्यो मृत्यु एउटा भयानक सनसनी र महत्त्वपूर्ण समाचार बनेको थियो । म पनि मृत्यु पश्चात् गरिने तेह्रौं दिनको कार्यमा सरिक हुन गएको थिएँ । त्यहाँ नायकले गरेका राम्रा र नराम्रा क्रियाकलापका बारेमा उपस्थित धेरै मानिसले कुराकानी गरेका थिए । तर पनि सबैको एकमत के कुरामा थियो भने, उनी बहादुर साहसी र गोपालकुटी बजार उनैले राखेको अर्थात् ठूलो संघर्ष गरेर यो बस्ती बसाल्नमा उनकै देन छ भनेर प्रशंसा चाहिं गर्दथे ।

पूर्वको कुनै जिल्लाको कुनै गाउँबाट उनी धेरै पहिले पहाडबाट मधेस झरे, मधेस झर्ने क्रममा मधेसका विभिन्न जिल्ला र गाउँ -गाउँ घुम्दै हिडे शहर बजार र ठूला ठूला गाउँमा पनि पसे कहीं कतै उनको मन लोभिएन, चित्त बुझेन र आफ्नो बसाइँको भारी बिसाउन मनमानेन क्यार ! त्यसैले आफ्नो भारी कतै बिसायनन् भडकिंदै भडकिंदै नायक यहाँ आइपुगे, न गाउँ न बस्ती, सिर्फ बाग्मती खोला छेउको त्यो घनघोर जङ्गलले उनको मन लोभियो मनमनै कल्पना गर्न थाले 'कुनै समय यो शान्त प्रिय स्थलमा, गोपालले बाँसुरी बजाउँदै गाई चराउँथे होला–वरिपरि गोपिनीहरु नाच्दथे होला, गाई चरेर यसै बाग्मती खोलामा पानी पिएर छेउमा पाडर मार्दथ्यो होला । खोई, किन हो उनी त्यो जङ्गल र खोलाबाट किन यति प्रभावित भए यति हतार यति चाँडो पहाडबाट धेरै पहिले बोकेको भारीलाई त्यहीं बिसाए र यति प्रफुल्ल र गदगद भए त्यसको कुनै सीमा छैन र मनमनै भने 'यो मेरो कर्म भूमि हुने छ, यहा एउटा बस्ती रने छ, त्यो बजार बन्ने छ, गोपालकुटी बजार ।'

जिन्दगीका कति उकाली ओरालीहरुसंग जुध्दै अघि बढिरहेका ती

साहसीलाई त्यस घनघोर जङ्गल र त्यस जंगलमा रहेका हिंसक जीव जन्तुसंग किन्चित पनि चिन्ता थिएन । बरु उनले उल्टै त्यस्तो जोखिमलाई जिन्दगीको वास्तविक आनन्द सम्झे । खोलाको कलकल आवाजको मिठो संगीतबाट आफूलाई अलग्याउन चाहेनन् । चाहे जे होस् भोलिको दिन मेरो हो । पाखुरी साहस हो । मेरो हिम्मत मेरो परिचय हो । यो मेरो कर्मभूमि हो भनेर दृढ निश्चय लिए ।

आफ्ना बाहुबल लगाएर त्यस घनघोर जंगललाई बस्ती बसाल्नका लागि फाँड्न थाले, दशनङ्ग्रा खियाएर त्यस बज्जड माटोमा खेती बारी लगाएर उब्जनी गर्न थाले । आखिर निरन्तर प्रयास र लामो संघर्ष पश्चात् विजयको शिखर चुलीमा पुगेरै छाडे । मेहनत र हिम्मतको अगाडि कसैको केही लागेन । बाजी जितेर छाडे । बिस्तार बिस्तार खोला छेउमा एक दुई गर्दै सानो बस्ती बस्यो । त्यो बस्तीको नामकरण गरियो 'गोपाल कुटी' । यसरी दिन प्रति दिन गर्दै गाउँको विकास हुन थाल्यो । नायकले पहाडबाट तल बजार गर्न आउने पहाडेहरुको बस्नको लागि धर्मशाला बनाए । घामबाट थकित भएर ओत लाग्न चाहेहरुको लागि ओत लाग्न एउटा बरको रुख रोपे चौतारा बनाए र उनले त्यसलाई आफ्नो निशानीको रुपमा छाड्नका लागि धेरै मेहनत र स्याहार संभार गरेर त्यसलाई हुर्काए र बढाए । जब बटुवाहरु घामको रापबाट बच्न त्यस बरको छहारीमा आएर सुस्ताउँदथे तब नायक त्यो देखेर गर्वको महसुस गर्दथे र आफ्नो मेहनत सार्थक-भएकोमा खुशी मान्दथे, धन्य हो । जे होस मेरो मेहनत खेर गएन ।

यसरी दिनदिनै गाउँ अब बजार तर्फ विकास हुन लाग्यो । पहाडबाट सर सामान किन्न र बेच्न आउनेहरुको अब दिन प्रतिदिन जसो भीड हुन थाल्यो । पहाडबाट तोरी ल्याउने र यहाँबाट नून, लत्ता, कपडाहरु विशेष रुपमा खरिद गरेर लगिन्थ्यो ।

नायकको एउटा आफ्नै किसिमको सोख थियो । माछा मार्नु र सेतो घोडा चढेर हिड्नु । जब सबै कामबाट फुर्सत मिल्दथ्यो तब उनी सेतो घोडा चढेर पुरै गाउँ घुम्दथे र कल्पना गर्दथे हिजोको त्यो दिन र आजको यो बजार कति फरक छ । हिजोको त्यो घना जंगल आजको बजार । फरक पनि कति कति त्यसको कुनै सीमा छैन । नायक आफ्नो पुरुषार्थमा

गर्व गर्दथे । र मनमनै खुशी हुन्थे ।

वर गाछीको छेउमै पूर्व खोला तर्फ फर्काएर एउटा ठूलो घर बनाएका थिए र उनी त्यसैमा बसेर पूर्वको पवनको आनन्दसंग भविष्यका योजनाहरु सोच्दथे । बजार बिकासका कुरा, बस्ती बिकासका कुराहरु र पहाडमा आफूले भोगेका दुःखका दिनहरु, यहाँ आएर गरेको मेहनत आदि इत्यादि धेरै धेरै विषयमा सोच्दथे र मनमा कुरा खेलाउंदथे ।

यसरी समयको क्रमसंगै बजार विस्तृतीकरण र विकासको क्रम पनि बढ्दै गयो । नायकले आफ्नो बल, बुद्धि र सामर्थ्यले भ्याए सम्म सीप लगाएर बजारको विकास गर्नमा समय लगाउन थाले। उनको मेहनतको प्रतिफल दिन प्रति दिन देखा पर्दै जान लाग्यो । नायकले कल्पना गरे अनुरुप त्यो भयो वा भएन तर पनि त्यो अनकण्टार जंगल अब बस्ती र बजारमा भने परिणत भयो ।

नायकले गरेको संघर्षको प्रतिफल देखा पऱ्यो । तर अब नायक पहिलेको जस्तो मेहनत गर्न र काम गर्न नसक्ने अवस्थामा पुगे। उनी दिन भरि जसो घरको माथिल्लो तल्लामा बसेर पूर्व तर्फ फर्केर खालि सोंच विचारमा मात्रै मग्न रहन्थे। एकदिन नायकको मनका के विचार आयो कुनी उनले परिवारका सारा सदस्यलाई एकत्रित गरेर भन्न लागे–'हेर अब म अस्ताउन लागेको सूर्य समान भई सकें, म अब जीवनको दुःखेसोबाट मुक्ति पाउन चाहन्छु। म गलेर थाकेर जर जर भइसकें अब मबाट तिमीहरुले कुनै पनि किसिमको आशा राख्नु बेकार छ। तसर्थ तिमीहरुलाई एउटा कुरा भन्न चाहन्छु। यो गाउँ मेरो मेहनतको प्रतिफल हो। मेरो पाखुरीको उपज हो। मेरो जीवनको लक्ष्यको ठूलो र अन्तिम परिणाम हो जीवनका खुशीहरुलाई तिलान्जली दिएर यस कर्म भूमिलाई मैले मेरो रगत र पसिनाले सिंचित गरे । यस भूमिलाई उर्वर र मलिलो बनाएको छु । बस्ती बसालेको छु । बजार बसाएको छु । तसर्थ तिमीहरुले आज मेरो अगाडि बाचा बाँध्नु परेको छ। तिमीहरुले यो गाउँ छाड्ने छैनौ, यदि छाडे पनि मेरो पुस्ताका कुनै न कुनै एक सदस्य मेरो प्रतिनिधित्वको रुपमा यस घरमा बस्नु पर्नेछ । यो मेरो चिनोलाई कहिल्यै पनि नमास्नु । यति भनेर नायकले परिवारका सदस्यहरुलाई बाचा बधाए र स-परिवारले नायकको कुरालाई सहर्ष स्वीकार गरे ।

यसरी नायक दिन प्रतिदिन जर्जर हुँदै गर्दै गए। अब उनले बोल्न र साना तिना कार्यहरु पनि गर्न छाडे, उठेर घुमफिर गर्न र डुल्न सम्म नसक्ने अवस्थामा पुगे, उनको दैनिकी अब दिन भर ओछ्यानमा सुत्नु र अरुले ल्याएर खुवाई दिए खानु मात्रै थियो। भेट गर्न आउनेहरुसंग पनि कुनै किसिमको वार्तालाप नायक आशावादी एक जोर आंखाले हेर्दथे मात्रै, मानौं उनी त्यो गाउँको विकासको भिख मौनता नोपेर भेट गर्न आउने प्रत्येक व्यक्तिसंग मागि रहेछन्। र उनीहरुको अनुहार पढिरहेछन् ।

त्यो समय पनि आयो, एक दिन नायकले यस लोकबाट सधैंको लागि इह लीला समाप्त गरे ।

विस्तार विस्तार समयको क्रम बढ्दै गयो। त्यस गाउँमा पनि नयाँ बसाईं सरेर आउने र त्यस गाउँलाई छाडेर अन्यत्र जाने क्रम पनि शुरु हुन थाल्यो। पहाड छोडेर र अन्यत्र दुःख पाएकाहरु यस गाउँमा भित्रिन्थे भने यहाँ सुविधा भोगी भएका र सम्पन्नहरु अझ सुविधा युक्त ठाउँहरुमा बसाई सरेर जान्थे । यो एउटा चल्ने क्रम थियो, चल्दै थियो, चलिरह्यो पनि यसै क्रममा बाँधिएर नायकका परिवारका सदस्यहरुले पनि क्रमशः एक–एक गरेर यस गाउँलाई छाडन थाले। आखिर त परिवारका सबै सदस्यले यस गाउँलाई छाडे र यहाँभन्दा सुविधा युक्त सम्पन्न गाउँ र शहरमा बसाईं सरे । नायकले आफ्नो जीवनको अन्तिम घडीमा खुवाएको बाचा र उनलाई दिएको वचनको कुनै सार्थकता रहेन। किनकि उनको भावनालाई कसैले बुझ्न चाहेनन्, बुझेनन् वा बदलिंदो समयको परिस्थितिमा आफूलाई समाहित गर्न चाहे, आखिरमा गाउँ नछोडनु थियो तर सबैले गाउँ छोडे। उनको निशानी अब पूर्वतर्फ फर्किएको एउटा काठे घर र बूढो वर गाछी मात्रै थियो। परिवारको सदस्यहरुले गाउँ छाडिसकेका थिए । सायद सजीव र चलायमान भएका भए घर र वरगाछीले पनि गाउँ छोडने थिए होला । भौतिक सुविधायुक्त स्थानहरुमा बसाईं सर्थे होला तर अफसोस, निर्जीव हुनुको विवशताले गर्दा कतै जान सकेनन् ।

समय, दिन, महिना र वर्षहरु गरेर बित्दै थियो। हिउँद पछि आउने वर्षादको समयमा एक रात यस्तो भयंकर बाढी आयो जसले रात भरमा नै गाउँ पुरै बगायो, गाउँका जम्मै मान्छे बगायो। मानौं नेपालको नक्साबाट एउटा

गाउँ नै गायब भएको थियो ।

भोलि–पल्ट मानिसहरु त्यहाँ हेर्न गए हिजोको त्यो गोपालकुटी बजार आज श्मशान घाटमा परिणत भईसकेको थियो । त्यस बजारवाट त अब खोला बगिरहेको थियो यसरी धेरै धेरै टाढाबाट मानिसहरु त्यो दृश्य हेर्न आउन थाले । त्यो हेर्ने क्रम निकै समय सम्म चलिरह्यो । कहिले पनि त्यो गाउँ नदेखेकाहरु त त्यो कुरा पत्याउन पनि गा-ह्रो मान्दथे । तर वरपरका मानिसहरुले भने पछि मात्रै विश्वास गर्दथे ।

एउटा नायकको अन्त संगसंगै उनले गरेको मेहनतको प्रतिफलको पनि अन्त्य भयो । वरपर छर छिमेकका मानिसहरु नायकको मेहनतको प्रशंसा र गोपालकुटी बजारको बर्णन आज पनि गरिरहन्छन् । मानौं यो एउटा किंवदन्ती बनेर पुस्ता दर पुस्ता चलिरहनेछ ।

---


नव वर्ष २०५३ सालको उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा हार्दिक
मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

**माउण्ट एड्मण्ड आवासीय मा॰ वि.**

ओम आश्रम

# कीर्तिमान

क्याप्टेन जनकबहादुर राणा

भारतीय स्थल सेनाको पन्ध्र बर्ष सेवाकालमा नन् कमीशन अफिसर्सको सर्वोच्च पद बटालियन ह्वल्दार मेजरको ओहृदासम्म पुगेको थिएँ। त्यस भन्दा उच्च पदको निम्ति मसित शैक्षिक योग्यताको प्रमाणपत्र थिएन। सहधर्मिणी कमलादेवी राणा चैं बटालियन मेजर्नी पदमा सीमित रहन चाहन्नथी। कम्तीमा कप्तान्नी बन्ने रहर उसले मनमा पालेकी थिइ। हामी दुवै बटालियन मेजर र मेजर्नी बनेको रातको कुरा हो। प्रणय शय्यामा उसले आफ्नो मगमगाउँदो केशराशी मेरो छातीमा फिज्याई बडो अनुनय विनय तर दृढ स्पष्ट स्वर शब्दमा मलाई सूचित गरेकी थिई–"नजरहोस् ! कप्तान्नी भन्दा मुनिका दर्जामा म कुनै शर्तमा वीरगंजमा पाइलो राख्ने छैन।" उसको मनोभावलाई मैले न बुझेको होइन। ऊ स्वदेशमा साहेबज्यू र राणाजीहरुका अभिजात पारिवारिक वृत्तमा हवल्दार्नी दुलहीसाप कहिए कुनै हालतमा बस्न चाहन्नथी। प्रियतमाको भावनालाई कदर गर्ने पतिहरुका जमातमा एकजना म पनि हुँ। तानेर उसलाई आफ्नो छातीमा टाँसी बाचा गरको थिएँ–"तिमी कप्तान्नी नबने सम्म म पनि वीरगंजमा त के, नेपाल अधिराज्य भित्र खुट्टा राख्ने छैन।" तर उसलाई कप्तान्नी बनाउने कुरा त्यति सजिलो थिएन।

त्यसको निम्ति सर्वप्रथम मैले यथा समयमा आफ्नो शैक्षिक योग्यता बढाई जुनियर कमीशन अफिसर्स काडर उत्तीर्ण गर्नै पर्ने। त्यसपछि दीर्घ सत्र बर्ष भारतको अस्तित्व र अस्मिता रक्षार्थ सजग प्रहरी बनी; शान्तिकाल, आपत्काल र युद्धकालमा फलामका चिउरा चपाउन पर्ने। र, के थाहा यी तीनैंकालमा काल–सित कुन ठाउँमा जम्का भेट हुने हो केही निश्चित थिएन। यी सब आपद विपदबाट निस्तार पाएपछि, सुबेदार मेजरी पेन्सन पकाई हिड्ने बेलामा भारतका महामहिम राष्ट्रपतिले मलाई सन्मानार्थ अनेरेरी कप्तान पद प्रदान गरेपछि अनि मात्र श्रीमती कमला देवी राणा कप्तान्नी बन्ने।

जिन्दगीलाई सदा सुनियोजित योजनाबद्ध आंकडाका जन्जालदेखि टाढा

राख्ने, जो होगा देखा जाएगा र, जे हुन्छ सब ठीकै हुन्छ भन्ने सिद्धान्तमा विश्वास राख्ने जनक बहादुरको अघि ठूलो समस्या थियो, म्याट्रिक वा आर्मी फर्स्ट क्लास सर्टिफिकेट अफ एजुकेशन कसरी पास गर्ने ? त्यतिबेला छिमेकी राज्य बिहारको; ढेङ सीतामढी, मुजफ्फरपुर र पटनामा अहेल झैं शिक्षा औद्योगीकरण त्यति फस्टा-एको थिएन। आज म जस्तो विद्यार्थीलाई पढाइको निम्ति धेरै झंझट गर्न पर्दैन । "एक हाथ से नोट दो, दुजे हाथसे कपु री ठाकुर विश्वविद्यालयका प्रमाण पत्र लो।" त्यस्तो हाइसन्धो फ्यासेलिटी मैले त्यतिबेला पाएको भए, शायद म पनि ब्रिगेडियर -यान्कबाट रिटायर्ड हुन्थे कि !

आर्मी फर्स्टक्लास सर्टीफिकेट अफ एजुकेशन परीक्षाको निम्ति भारतीय सेनाका शैक्षिक संस्था आर्मी एजुकेशनल कोर कलेजद्वारा त्यो ताका बर्षमा दुईपटक कक्षा सञ्चालित हुन्थ्यो। त्यही कक्षामा सामेल भई परीक्षा उत्तीर्ण गरी मैले आ-फ्नो शैक्षिक स्तर बढाउने निर्णय लिएं। तर, बी. एच. एम. को अभिभारा बोकी ६/७ विषय अध्ययन गरी ६ महीनापछि जाँच दिने कुरा गाह्रो थियो। र, राम्ररी अध्ययन नगरे निष्फलता निश्चित थियो। मेरो यस समस्यालाई बडो अबोध र सरल पाराले समाधान गरेकी थिइन्, हाम्री बटालियन मेजर्नीले। प्रत्येक बुधवार साँझ सञ्चालनहुने फ्यामेली वेलफेयर मीटिङ्गमा, बटालियन मेजर्नीले कर्नेलनी विमला सोन्धीलाई मेरो अध्ययनमा परेका अपठ्यारा कुराहरु सुटक्क जाहेर गरिन्। त्यही कुरा कर्नेलनीले कर्नेल साहेबलाई र कर्नेल साहेबले आफ्ना अधीनस्थ मुख्य स्टाफ सेकेन्ड–इन–कमाण्ड ( टु. आइ. सी. ), सुबेदार मेजर ( एस. एम. ) र एडजुटेन्टलाई दोहो-याए र निर्देश दिनु' भो–"बी. एच. एम. का पढाई में किसी किस्मका दिक्कत पेश नही आना चाहिए, यकीन करें।"

मेरो निवेदन निर्धारित प्रणाली द्वारा तलबाट माथी जाने सट्टा, आदेश-निर्देश माथिबाट तल आएकाले तीनै जना वरिष्ठ अधिकृत सहित मपनि अवाक र चकित थिएँ। बटालियन टु. आइ. सी. मेजर इन्द्रजित् खन्ना साहबले चश्माको मोटो लेन्सबाट मलाई तिरस्कारपूर्ण दृष्टिले नियाल्दै चेतावनी दिनु भएको थियो "जस्ट सी इट डजन्ट् ह्यापेन एगेन !"

यी कुराहरु सन् १९६४ को मध्यतिरको हो। हाम्रो पल्टन फाइभ गाईं्स त्यतिबेला हिमाञ्चल प्रदेश, काँगडा भ्यालीका सुन्दर, शान्त र रम्य छाउनी योल क्याम्पमा खटिएको थियो । योलको सेरोफेरोमा; पूर्वतिर–पालमपुर, दक्षिण-नगरोटा, पश्चिममा–भाग्सुनाथ ( धर्मशाला ) जस्ता मनोरम दर्शनीय स्थलहरु अव–स्थित छन् । तर उत्तरमा हिमाच्छादित पर्वतमाला धौलाधार ( धवलाधार ) को अद्वितीय र अद्भुत छटाले मनलाई सम्मोहनको हदसम्म बाँधेर बन्दी बनाउँछ । धौलाधारको सौन्दर्य मनभरी महसुस गर्न सकिन्छ। वर्णन गर्न सकिन्न। महानचित्र-कार शोभा सिंह, अन्तर्राष्ट्रिय ख्याति प्राप्त लेखिका अमृता प्रीतम, चौथो गोरखा राइफल्सका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त अङ्ग्रेजी उपन्यासकार मेजर जन् मास्टर र त्यही पल्टनका नेपाली गीतकार, गायक, सङ्गीतकार, नाटककार नायब सुबेदार मित्रसेन ठकुरी लगायत असंख्य भावुक हृदयका वेदना पीडा र आँसुलाई धौलाधा–रले आफ्नो धवल आँचलमा सँगालेर राखेको छ। बाल्यकालमा कूचबिहारमा अधुरो छोडेको शिक्षालाई मैंले धौलाधारको काखमा अवस्थित फोर्टी ऐट माउन्टेन ब्रिगेडको स्कूल कक्षामा पूरागर्न कम्मर कसेको थिएँ ।

बाल्यावस्था मैंले अविभाजित बंगालको सफ्फा, शान्त, सुन्दर उत्तरी राज्य कूचबिहारमा बिताएको थिएँ । तत्कालीन कूचबिहारको सबैभन्दा राम्रो पाठशाला जेनकिन स्कूलमा मैंले प्रवेश पाएको थिएँ। हाम्रो विद्याभ्यासको निम्ति श्रीपूज्य बुवाज्यूले एक जना प्रौढ बंगाली भद्रलोक मोशाय ( महाशय ) लाई मास्टर नियुक्त गर्नु भएको थियो । ईसाई धर्मावलम्बी श्री जुक्त ( युक्त ) ताहिल पाल कूचबिहार राज्य तोसाखानाको प्रधान लिपिक पदबाट सेवानिवृत्त भएपछि घर घरमा ट्युशन पढाउने काम गरी समयको सदुपयोग गर्नु हुन्थ्यो । उहाँका लम्बोत्तर नाकको टूप्पोमाथि आधा फुलेका केही उखालेका झुसिला झुस हुन्थे। जसलाई आँखा चिम्म गरी बडो निर्दयता पाराले उन्मूलन गर्न, उहाँका औंठा र चोर औंलाका नङ सदा क्रियाशील रहन्थे। फलतः उहाँका नाकको टुप्पो भाले जुधाइमा परेको भँगे–राको खुइलिएको टाउको जस्तो देखिन्थ्यो। नाक विशेषज्ञ मुन पौडेलले त्यस्तो झसिलो नाक देखेको भए आफ्नो 'नाकको बखान' व्यङ्ग्यमा अवश्य पनि कम्तीमा पाँच पंक्ति, पचास शब्दका २"×२" को एउटा परिच्छेद अर्थ थपिन्थ्यो। पाल

सरका ठेड़ आँखाका दुवै नानीका फोकस स्थायीरुपले पचहत्तर डिग्रीकोणमा दाहिनेतिर स्थिर रहन्थे । प्रश्न उहाँले ममाथि गर्नु हुन्थ्यो, उत्तर मेरो देब्रे बसेकी म भन्दा तीन श्रेणी मुनिकी बहिनी मणिले दिन्थी । पढाउनु अघि उहाँको प्रथम प्रश्न हुन्थ्यो– "कि दिए खेएछिस ?" अर्थात, भात के सित खाइस ? मणि म भन्दा चार वर्ष कान्छी भए तापनि बंगालीहरुका खाद्य लोलुप मनोदशा सित राम्ररी परिचित थिई । फरर्र बंगाली परिकारका मेनु बखान गर्थी–माछेर झोल, मशुरीर डाइल ( मसुरो दाल ), कसा माङ्सो ( पक्कु मासु ), मुडीघन्टो, आलु कोपीर डाल्ना, बेगुन भाजा चर्चरी, बातावी लेबु ( कागती ), लबन ( नून, ) लका ( हरियो खुर्सानी ) ।

त्यसपछि तहकिकात शुरु हुन्थ्यो । यथा: कुन चामलको भात, आतप कि उसिना ? माछा रोहु कि कत्ला ? भन्टा गोलो चाना पारेको कि लामो चिरेको ? मुडीघन्टो ओइरनु अघि पाँचफोरन फुराय कि फुराएनन् ? डाल्नाको आलु गोभीका टुक्राहरुका साइज कस्ता थिए ? परिकारका फेहरिस्त जत्ति लामो हुन्थ्यो तहकिकातको समय पनि त्यति नै लम्बिन्थ्यो । उहाँका अन्तिम प्रश्न हुन्थ्यो–"त्यति थोक खाएर तिमीहरुको पेट दुःखदैन ?"

क्यालिग्राफीमा उहाँ बढी जोर दिनु हुन्थ्यो । उहाँका भनाइ हुन्थ्यो– सुन्दर परिष्कार अक्षरले मान्छेको भित्री सुन्दरतालाई जाहेर गर्दछ । "राम्रो अक्षर लेख्न नसक्ने छात्र उहाँका नजरमा; असभ्य, अयोग्य, गधा र बोका ( मुर्ख ) मानिन्थे । उहाँका मार्ग निर्देशनमा कक्षा पाँच सम्म, कक्षाका पाँच जना शीर्षस्थ छात्र– हरुमा एक जना म पनि थिएँ । अचानक कक्षा ६ बाट शिक्षाको गणित गड्बडाउन थाल्यो । कक्षा ६ बाट शुरु हुने बीजगणित र रेखागणितका प्रश्नहरुले पाल सरका गणित ज्ञान माथि प्रश्न चिन्ह लगाउन थालेको थियो । सार्थ किन हो कुन्नि गणितमा मेरो रुचि हराउँदै गई रहेको थियो ।

कक्षामा गणित सर झाम बाबुले एउटै प्रश्नलाई कैयो प्रकारले समाधान गरी सम्झाई चश्माफ्रेमको मास्तिरबाट सम्पूर्ण कक्षालाई नियाल्दै प्रश्न गर्नु हुन्थ्यो- "बुझे छो ?" समस्त सहपाठीहरुले समवेत स्वरमा उत्तर दिन्थे–"आज्ञे स्यार" ( बुझें सर ) । त्यतिबेला शिक्षक र शिक्षार्थीहरुका अनुहारमा अपार तृप्तिको भाव देखिन्थ्यो ।

मैले पनि मुन्टो हल्लाएर बुझे झैं सहपाठीहरुका स्वरमा स्वर मिलाई कराउथें, "आजे स्यार।" कूचबिहार जेनकिन्स स्कूलमा त्यतिवेला तीन जना; हाम्‌बाबु सर, झाम्–बाबु सर र भाम्‌बाबु सर गुरुजीहरु थिए। हाम्‌बाबु सर नर्थ बेङ्गलको उच्चकोटीका मान्यता प्राप्त फुटवल रेफ्री हुनु हुन्थ्यो। धोतीको कछाडकसी नाङ्गै खुट्टा उहाँ फुटवल खेल सञ्चालन गर्नु हुन्थ्यो। अङ्ग्रजी पढाउनु हुन्थ्यो। झाम्‌बाबु सर बाल–ब्रह्मचारी र वैराग हुनु हुन्थ्यो। गणित पढाउनु हुन्थ्यो। भाम्‌बाबु सर चैं कक्षा दुईका विद्यार्थी देखि कक्षा दसका विद्यार्थीहरुलाई ड्रइङ्ग सिकाउनु हुन्थ्यो। उहाँहरुका वास्तविक नाउँ जेनकिन्स स्कूलका नब्बे प्रतिशत छात्रलाई थाहा थिएन। नब्बे प्रतिशतमा म पनि थिएँ। यी कुराहरु चालीसको दसकका हुन्।

चालीसको दसक अर्थात द्वितीय विश्वयुद्धकाल। द्वितीय विश्वयुद्धको विभीषिकाले समस्त विश्वलाई नै त्रस्त पारेको वेला, कूचविहार राज्य पनि त्यसको प्रभाववाट उन्मुक्त रहन सकेन। खेतमा कामगर्ने किसान र मजदूरहरुलाई जर्मन र जापानका धावामा सुदूर-पूर्व र मध्य–पूर्वका रणभूमिमा पठाइएको थियो। तसर्थ खाद्यान्न अभावले दुर्भिक्ष सर्वत्र व्याप्त थियो। दैनिक उपभोग्यवस्तु उत्पादन गर्ने कल–कारखानामा सैनिक साज समान र अस्त्र–शस्त्र बनाउन थालेकाले लत्ताकपड़ा देखि नून तेलसम्म वजारवाट गायव थियो। गोली गट्ठा बनाउने बारुदको अभावले तीन–चार वर्षसम्म सलाई र सलाईका बट्टाको मुख कसैले देखेका थिएनन्। त्यस–ताका जन्मेका नानीहरु युद्ध समाप्तिपछि सलाई कोरेर बालेको देखेर तर्सिन्थे। 'कन्ट्रोल' 'क्यू' 'राशनकार्ड' 'ब्ल्याक मार्केट' जस्ता अङ्ग्रेजी शब्दहरुका अर्थ हामीले त्यतिबेला अनुभव सहित बुझेका थियौं।

सन् १९४३ अक्टोबरमा जापानी नौसेनाले हिन्दमहासागर अतिक्रमण गरेर बंगालको खाड़ीमा प्रवेश गरी कालापानी ( हाल अण्डमान–निकोबार द्वीप समुह ) कब्जा गरिसकेको थियो। पूर्वमा बर्मारोडवाट मणीपुरको राजधानी इम्फाल कब्जा गर्न जनरल तोजो'का जापानी स्थल सेना अधि बढिरहेका थिए। कूच बिहारमा हवाई आक्रमणवाट बच्न; स्कूल कलेज, घर, कार्यालय वरिपरि जताततै अङ्ग्रेजी अक्षर 'डवल्यु' आकारका ठूल्ठूला खाल्टा राता–रात खनिए। नागरिकहरुको मनोवल उचाल्न; ए. आर. पी. ( एयर रेड प्रोटेक्शन ) टोली, सालभेसन आर्मी, सिभिल

डिफेन्स जस्ता संस्था खडा गरियो। हवाई आक्रमण हुंदा खनेको खाईलाई सुरक्षाको निम्ति कसरी उपयोग गर्ने ? आगलागीमा उद्धार कार्य कसरी गर्ने ? घाइतेको उपचार र घाइते स्ट्रेचरमा कसरी ओसार्ने ? इत्यादि कुराका शिक्षा नमूना सहित ए. आर. पी. प्रशिक्षकहरुले स्काउट स्वयम् सेवकहरुलाई दिन थाले। स्काउट स्वयम् सेवकहरुमा एक जना म पनि थिएँ।

त्यहीताका अङ्ग्रेज उपनिवेशवादको विरोधमा महात्मा गान्धीका नेतृत्वमा भारतीय स्वतन्त्रता सेनानीहरुले "भारत छोडो" अन्दोलनलाई पराकाष्ठाको चरम बिन्दुसम्म चर्काएका थिए। बंगालको हर बाल, युवा, वृद्ध, नर–नारीहरुका कंठबाट; रवीन्द्रनाथ ठाकुर, बंकिमचन्द्र, माइकल मधुसुदन दत्त, काजी नजरुल ईस्लाम जस्ता विश्व प्रसिद्ध कविहरुको स्वर गुञ्जिन्थ्यो। काजी नजरुलका एउटा गीतले समस्त भारतवासीहरुका मनमा विद्रोहको बिगुल फुकेको थियो। अङ्ग्रेज सरकारले उहाँलाई विप्लवी कविको संज्ञा दिई मोटो फलामे छड्का पछि बन्दी बनाए तापनि करोडौं कंठबाट गाइएको यस गीतलाई कसैले बन्दी बनाउन सकेन- "उर्ध्व गगने बाजे मादल / निम्न उत्तल धरणी तल / अरुण प्रातः तरुण दल / चल रे चल /

इम्फाल ध्वस्त भएपछि किसिम–किसिमका अफवाह जनता माझमा फैलिन थाल्यो। जनरल तोजो' का जापानी सेना लालमुनिहाटमा पुगी सके। भोलि दिउँसो बा-ह बजे जापानीहरु कूचबिहार आइपुग्छन्। जापानीहरु नरभक्षी हुन्, असभ्य–बर्बर–दुष्ट। सर्प र भ्यागुता तिनीहरुका प्रिय खाद्य। यस्तै आतंक र अफवाह फैलिएको बेला, एक दिन साइरनको भीषण चित्कारले हामीहरु सबै आ–आफ्ना कक्षाका झ्याल ढोकाबाट तँछाड् कि मछाड् गर्दै खाई भित्र लुकन पुगेका थियौं। दक्षिण–पूर्व आकाशमा, त्यसदिन अघि कहिल्यै नदेखेका दुईवटा शार्क माछा जस्ता डरलाग्दो मुख ह्वाँ पारी रातो गिजा र तीखा सेतो दाँत देखाएका विमान उत्तरतिर उडेको हामीले देख्यौं। ड्इङ्ग मास्टर भामुबाबु सर, जो कि कुनै न कुनै कक्षालाई ड्इङ्ग सिकाइरहेका हुन्थे, एउटा खाईबाट अत्तासिएर कराउनु' भो–"उरे सर्वोनाश ! जापानी बोमा बर्षक ।"

उहाँका त्यस वाक्यपछि कसैमा धैर्य रहेन। "रक्खा करो माँ गो-रक्खा करो।" (रक्षा गर हे माँ कालि–रक्षा गर) को जाप खाल्टो भित्र

धुम्भिन थाले। मुटु नभएका रुन थाले। अलिकति मुटु भएकाले हातका नङ्ग्राले चारफीट गहिरो खाईलाई कोतर्दै पाताललोक सम्म पुग्ने सुरंग खन्न व्यस्त भए। त्यति नै बेला मुटु कंपाउने घोर गर्जनाका साथ ती दुर्ब विमान पूर्वतिरबाट प्रकट भई जेनकिन स्कूलतिर हानिए। दिउँसो बाह्र बजेको तोप पनि त्यति नै बेला पडकियो–"ड्वाङ"। मुख ह्वाँ भएका जहाज हाम्रो टाउको माथिबाट ह्वांइ गर्‍ए उडेर गए। ती जहाजका पँखेटा मुनि ए. आर. पी. का प्रशिक्षकहरूले कक्षामा चार्ट खोलेर जहाजको पहिचान निशान बताए अनुसार नीलो व्यासभित्र सेतो तारा देखेर केही सहपाठीहरु रमाएर कराए–"ओइ, जे मार्किन जुक्त राज्येर प्लेन !" अर्थात, ऊः संयुक्त राज्य अमेरिकाका जहाज।

डरले जहाजतिर नहेरेर खाई भित्र मुन्टो गाड्बसेका छात्रहरु झस्केर मुन्टो उचाली सोध्न थाले–"ताइ ना कि ? ताइ ना कि ?" (हो र ? हो र ?) खाई भित्र खुशीले सर्पं हाँस्न थाले। एक दुई जना साहसी छात्रले खाईबाट बाहिर निस्कि गणेश र कार्तिकेयले गर्ने छाउनृत्य पनि गरे। भाम्‌बाबु सरका अनभिज्ञताको कुरा खाईभित्र खस्याक खुसुक हुन थाल्यो–"ए राम ! भाम्‌बाबु स्यार कि बोका !!

तर, त्यो आनन्दको क्षण धेरै बेर सम्म रहेन। डरले निसासिएर संज्ञाहीन भएका बंगाली छात्रहरुको घ्राणशक्ति फर्किसकेको थियो। तीव्र दुर्गन्ध र एक हुल हरिया झिंगा भन्किन–थालेकाले, अल–क्लियर साइरन बज्न पहिल्यै केटाहरु त्यस खाईलाई त्याग्दै–ए राम ! हाक् थु। बाबा रे बाबा कि दुर्गन्धो ! हाक् थु। पाजी भीतू (कायर) भन्दै अन्य खाइहरुमा शरण लिन पुगे। त्यो दृश्य देखेर गेममास्टर कराउनु भो–कि होइचे ? कि होइचे ? (के भयो, के भयो ?) एक जनाले थुक्दै वाक्–वाक् गर्दै भन्यो–"स्यार ! बलाई दत्तो गर्तेर भेतोरे हेगे दिएछे, आर धुती–टुती सब किछु खाराप कोरे फेलेछे।" अर्थात्, सर ! बलाइ दत्तले खाल्टोभित्र हगिदियो र धोती–सोती सब फोहर पारेछ।

आफूलाई दुर्दान्त र दुःसाहसिक सिन्दबाद नाविक ठान्ने, आफू भन्दा कनिष्ठ छात्रहरुलाई आफ्नो पैतृक सम्पतिठानी हैकम चलाउन खोज्ने बलाई दत्तको त्यस साहसिलो कारनामाले ममा विद्यमान कवित्वलाई निकै घचघच्याएको थियो

फलस्वरुप चार पंक्तिको एउटा पद्य रचना भयो। डढेलो लागे झैं त्यो कविता जेनकिन स्कूलका छात्रहरुका कंठबाट प्रसारण हुन थाल्यो। कुनै दत्त गोत्रधारी छात्र देख्यो स्वत: कविता प्रस्फुटन हुन्थ्यो–

मिस्टार दत्तो
हेगे भरे गर्तो
गर्ते छिलो केउटे साँप
दत्तो बले बाप रे बाप।
(अर्थात)
मिस्टर दत्त
हगेर पु-यो गर्त
गर्तमा थियो गोमन साँप
दत्त गुहारे बाफ् रे बाफ।

संयोगले हाम्रो स्कूलका प्रिन्सिपल पनि दत्त मोशाय हुनुहुन्थ्यो। एक दिन टिफिन ब्रेका ताका उहाँले यही कविता भट्याई रहेको सहपाठी मलय घोषलाई बेस्सरी भकुर्दै सोध्नु भएछ–"बद्जात कोथाकार, बल एइ कवितार रचयिता के ?" मलयले रुँदै उत्तर दिएछ–"स्यार, स्यार ओइ भूटिया कवि।" जेनकिन स्कूलमा लगभग पाँच–६ सय छात्रहरु मध्ये म एक जना मात्र अबंगाली छात्र थिएँ। चिम्से भएकोले सबैले मलाई भूटिया (भोटे) भनी गिज्याउँथे। कक्षा ६ मा रवीन्द्र बार्षिकी समारोहमा कविता पाठ प्रतियोगितामा मैले सान्त्वना पुरस्कार सहित 'भूटिया कवि' उपनाम पनि पाएको थिएँ।

प्रिन्सिपल सरले आफ्नो कार्यालयमा आधादर्जन जत्ति चिल्लो र चिप्लो बेंतका सोंट्टाहरु सजाएर राख्नु हुन्थ्यो। त्यस मध्ये एउटा सोंट्टा काखीमा च्यापेर धोती माथि घुँडासम्म उचाली फ्याँफ्ँ गर्दै क्लास 'ऐट' सेक्शन 'बी' तिर उन्मुख हुनु भएको थियो। त्यतिबेला हामी केही उडन्ठेउलाहरु क्लास 'ऐट' सेक्सन 'बी'मा उटपट्याङ काव्य गोष्ठीमा तल्लीन थियौं। एक जना परम हितैषी शुभेच्छु साथीले दगुर्दै आए र हामीलाई चेताउनी दिंदै, आफू पनि हावामा विलीन हुंदै विस्तारै करा-एको थियो–"पाला रे पाला, देखछिसना तोरा ! ओइ, जे जमदूत आस्छे हाने डान्ठा निए ? रे भूटिया कपि आज तोर निस्तार नेइ।" अर्थात; भाग रे भाग, देखेनौ

तिमीहरुले ! ऊः हातमा सोट्टा लिएर आउँदैगरेको यमदूतलाई ? रे भोटे बाँदर आज तेरो निस्तार छैन । उसको अन्तिम वाक्यले मलाई झस्काएको थियो । ढोका बाहिरिएर हेर्दा दसगज टाढा प्रिन्सिपल सरको रौद्ररुप र मलाई ताकेको डन्ठा देखेर उत्तरतिरको ठूल्ठूलो झ्यालबाट कुलेलम ठोकेको थिएँ । पछाडिबाट पछ्याएको "घर–घर" ( समान–समान ) शब्दले मेरो दगुर्ने रफ्तारलाई झन बढाएको थियो ।

घरमा पनि निस्तार पाइनँ । त्यो कविताको कुरा जेनकिन स्कूलबाट जिल्ला सैनिक बोर्ड सचिवालय मार्फत घरसम्म पुगिसकेको थियो । बुवाज्यू जिल्ला सैनिक बोर्डको सचिव हुनुहुन्थ्यो । फलत: प्रिन्सिपल सरले गर्नु पर्ने सुधार कार्य हाम्रा ममतामयी मुमाले गरिन् । र, एक छिनपछि अर्ती सहित मनग्य माया पनि गरिन् ।

सन् १९४५ मा कक्षा आठको जाँच दिदा गणित पेपर मैले नराम्ररी बिगारेको थिएँ । फलस्वरुप फेल भएँ । त्यतिबेला सहज दशमलव प्रणाली प्रचलनमा आएको थिएन । अचेल जस्तो बमफेल एटमबम गेस पेपरहरुका चलन चल्ती पनि त्योताका थिएन । फेरि, अचेल जस्तो दुई विषयमा झ्यालागे तापनि कक्षा उत्तीर्ण हुने चलन त्योताका थिएन । फेल भएपछि, क्लास टिचर हाम्बाबु सरले मुख झ्यालतिर फर्काइ बड़ो गम्भीर र खिन्न स्वरले सम्पूर्ण सहपाठीहरुका अगिल्तिर मलाई भर्त्सना गर्नु भएका शब्दहरु आज पनि अक्षरश: सम्झिन्छु । जनोक । तोर माथार भतोरे गोवर जल भर्ती । सेखाने विद्या थाकबे कि कोरे ? पडासुना कोरे जे मानुष हबि, ता आर तोर कपाले नेइ । जा: गिए मेलेटारी ते ढुके लेफ्ट राइट कर । सेखाने ह्यतो कोनो कीर्तिमान धरबि ।" अर्थात, जनक ! तेरो खप्पर भित्र त गोवर–पानीले टम्म भरेको छ । त्यहाँ विद्याको वास हुने कसरी ? लेखपढ गरेर मान्छे बन्ने कुरा त्यो तेरो भाग्यमा छैन । जा गएर मिल्ट्रीमा भर्नाभई लेफ्ट राइट गर । शायद त्यहाँ तैंले कुनै कीर्तिमान खड़ा गर्ने छस् कि ! त्यो ताका परीक्षामा अनुत्तीर्ण हुने छात्र र अभिभावकहरुको के गुनासो थियो भने द्वितीय विश्वयुद्धको कारण तिनीहरुको पढाइ बिग्रेको हो । खाने मुखलाई जुँगाले छेक्दैन भने झैं पढ्ने मेधावी छात्रहरु राम्रो अंकका साथ धमाधम पास भइरहेकै थिए । त्यही वर्ष डबल निमोनियाँ, मलेरिया र टाइफाइड जस्ता घातक रोगले मलाई मृत्युमुख सम्म पु-या–एको थिए । मुमाको अथक सेवा क्याप्टेन डा. गांगुलीका उत्तर उपचारले मलाई

असामयिक मृत्युबाट बचाएको थियो। पूर्णरुपले स्वास्थलाभ गरुन्जेल सहपाठीहरु म्याट्रिक जाँच दिने तरखरमा थिए। मानसिक दबाउको अघि केही लागेन। र, स्कूल नपढ्ने एकतर्फी निर्णय लिएँ।

द्वितीय विश्वयुद्ध समाप्त भएको दुई वर्ष पछि सन् १९५७ अगस्त महीनाको चौध र पन्ध्र तारिखको मध्यरातमा बृहत् भारतवर्ष तीन खण्डमा टुक्रिएर दुई राष्ट्र (भारत र पाकिस्तान) मा विभाजित भई स्वतन्त्र भएका थिए। विश्वयुद्धको सेलाएको ज्वाला पुनः कश्मीर, हैद्राबाद र जूनागढमा प्रज्वलित हुन थाले। शत्रुहरु पहिले टाढा युरोपको चिसो भूमि र समुद्रमा थिए, मध्य-पूर्वको मरुभूमिमा थिए, र थिए बर्माको घनघोर जङ्गलमा। सन् छयालीसको अन्त्यतिर भान्साघर सङ्गै जोडिएका छिमेकीहरु एक आपसमा शत्रु बने। एउटै माटो, एउटै हावा-पानी, एउटै परम्परा, एउटै भाषा, एउटै संस्कृतिलाई अनादिकाल देखि साझा-गरिआएका पञ्जाबी र बंगालीहरुले दूषित राजनीतिकरणवश धर्मान्ध भई लाहोर र अमृतसरमा, कलकत्ता-ढाका र नोआखालीमा मान्छेका रगतले होली खेले।

दोश्रो विश्वयुद्धमा सखाप भएका पल्टनहरुलाई पुनर्गठन गर्न छापामा भर्तीको निम्ति विज्ञापन र बाटो घाटोमा आकर्षक कट आउट सहित ठूलो-ठूलो होर्डिङ्ग खडा गरिएको थियो- 'ज्वएन द आर्मी"

सन् १९४८ जून महिनाको दुई तारिख। कलकत्ता गोखले रोड स्थित जोनल रिक्रुटिङ्ग अफिसको परिसरमा कच्छा मात्र पहिरिएर उभिएका सर्वाङ्ग नाङ्गा युवाहरुको लामो लाइनमा उम्मेदवारको रुपमा एक जना म पनि थिएँ। भारत स्वतन्त्र भएपछि पनि राणाजीहरुलाई भर्ती गर्ने आदेश नभएकोले बुवा र दाइको अनुकरण गरी गुरुङ्ग थर लेखाई भर्ती भएँ। त्यसबेला मेरो उमेर नेपाली बृहत् शब्दकोश अनुसार-सोह्र वर्ष नपुगेसम्मको 'बाल्यावस्था' नै थियो। अर्थात सोह्र वर्ष पार गर्न अझै छ महीना बाँकी थियो।

सत्र वर्षपछि किताप, कलम, कापी बोकी आर्मी फर्स्टक्लास पढ्न ब्रिगेड स्कूल जाँदा मन कस्तो-कस्तो र फुरुङ्ग भएको थियो। पाठ्यक्रममा; अङ्ग्रेजी बाहेक हिन्दी, गणित, इतिहास, भूगोल, सामाजिक विज्ञान, सामान्यज्ञान र सैनिक विज्ञान विषयहरु समावेश थिए। हिन्दी पाठ्य पुस्तकले मेरो सुषुप्त विद्यार्थी मनलाई

घच्चच्याएको थियो । प्रथम पाठमा हिन्दीका शीर्षस्थ कवि जयशंकर प्रसादको कविता 'हिमाद्रि तुंग श्रृंग से प्रबुद्ध शुद्ध भारती/स्वयं प्रभा समुज्ज्वल स्वतंत्रता पुकारती/ अमर्त्य वीर पुत्र हो / बढे चलो बढे चलो' ले मलाई निकै आकृष्ट गरेको थियो । साथै बंगला विद्रोही कवि काजी नजरुलका झझल्को गराएको थियो । जाति, भाषा, शब्द, संस्कृति बेग्ला बेग्लै भए तापनि ती दुई महामतिको ध्रुव एउटै थियो । मुंशी प्रेमचन्द, महादेवी वर्मा, रामधारी सिंह 'दिनकर', सूर्यकान्त त्रिपाठी 'निराला', सुभद्रा कुमारी चौहान, मैथिली शरण गुप्त जस्ता महान विभूतिहरुका कृति अध्ययन गर्ने सौभाग्य मैले त्यही पुस्तकमा पाएको थिएँ । एउटा लघुकथा लेखि हिन्दी साहित्य जगतमा प्रतिष्ठित भई अमर हुनु भएका, पण्डित चन्द्रधर शर्मा गुलेरीका कृति "उसने कहा था" पनि त्यही पुस्तकमा पढ्ने मौका पाएको थिएँ । र त्यस कथालाई रोजै एक पटक पढ्थें ।

मार्च १९६५ को मध्यमा जाँच सकेर हुक्क भई कांगडा भ्यालीका दर्शनीय स्थलहरुमा मौजमस्ती गरिरहेको बेला, गई महीनामा पाकिस्तानका राष्ट्रपति फिल्ड मार्शल अयुब खाँ साहेबलाई के सनक चढ्यो कुन्नि, एक्कासि गुजरात प्रान्तको भारत- पाक सीमालाई एक डिभिजन पाक सेनाद्वारा उल्लंघन गराई रन् कच्छ जस्तो दलदली र सामरिक दृष्टिले महत्वहीन भारतीय क्षेत्रलाई कब्जा गर्न लगाए । उनको रणनीति थियो, कम्मर ताकेर मुन्टो छिनाल्ने । अर्थात भारतीय सेनालाई रनकच्छमा अल्झाएर कश्मीर हान्ने । प्रतिघात स्वरुप, भारतका सेनाध्यक्ष जनरल जे० एन० चौधुरीले रन् कच्छलाई विशेष वास्ता नगरी, सोझै पाकिस्तानको मर्मस्थल लाहोरलाई ताक्नु भएको थियो । चौबीस घण्टामा हामी ७ औं इन्फेन्ट्रि डिभिजन अन्तर्गत अमृतसर-लाहोर सीमा नजिक पट्टिचौबाटोमा पुगिसकेका थियौं । सामरिक दृष्टिले अति महत्वपूर्ण पट्टिचौबाटो बाट पूर्व, पश्चिम र उत्तरतिरबाट हवाई जहाज, ट्याङ्क र पैदल सेनाका संयुक्त कारवाइद्वारा लाहोर ध्वस्त गर्ने योजना जनरल चौधुरीले बनाउनु भएको थियो । त्यस प्रत्याघात कारवाईले रन् कच्छ कब्जा गरिबसेका पाक डिभिजन करांचीका ब्यारेकहरुमा फर्केका थिए । हामी पनि पट्टि चौबाटोको निकट फिरोजपुरको ब्यारेकहरुमा फर्केका थियौं । (यहीबाट हामीले सेप्टेम्बर ६ तारिखमा लाहोरको इच्छोगील नहर कब्जा

गरेको कुरा कुनै दिन विस्तारपूर्वक लेख्ने छु ) दुवै तर्फका सैनिकहरु शिविरमा फर्के तापनि युद्धको कालो बादल हिन्दुकुश र काराकोरम पर्वतमालाका शिखरहरुमा मडारिइ रहेको थियो ।

सन् १९६५ जुलाई महीनाको प्रथम सोमवार । सुवेदार मेजर दिलिप सिंह नेगीले, मलाई बोलाई गम्भीर मुद्रामा भन्नु भएको थियो - "तिमीले गरेको नचाहिंदो कामबाट सी० ओ० खुशी छैनन् । सवा बाह्र बजे नम्बर वन् सेरेमोनियल ड्रेसमा पेसीको निम्ति हाजिर हुनु । सुवेदार मेजर साहबका स्पष्ट संवादले अनायस पेटभित्र वायुगोला उत्पन्न भई हुरहुराउन थालेको थियो । अनुशासन कायम राख्न कर्सीलाई गाली गरेको, कर्सैको गाला चड्काएका कुराहरु सबै मैले नचाहिंदो गरेको रहेछु जस्तो लाग्यो । र, कुरा बुढो ☼ सम्म पुगेछ भनिठानें ।

बाह्र बजे पेसीको निम्ति मुख्यालय पुग्दा सबै जनालाई गम्भीर मुखमुद्रामा देखें । सबैजना म देखि पन्छि रहेका थिए । सी० ओ० टेबिल अगाडि मलाई मार्च गर्दा मेरा सहोदर दाइ जस्ता दार्जीलिङ राजबाडीका सुबेदार एडजुटेन्ट टीका प्रसाद गुरुङ्ग पनि मदेखि रिसाएका जस्तो देखें । बाकाइदा फौजी परम्परानुसार उहाँले चिच्याएर वार्ड - अफ-कमाण्ड दिदै, लेफ्ट- राइट लेफ्ट-राइट भन्दै कमाण्डिङ्ग अफिसर लेफ्टिनेन्ट कर्नेल, फेड्रिक सदानन्द सोन्धी साहबका अगिल्तर मलाई खडा गर्नुभयो । टू० आइ० सी०, एडजुटेन्ट र एम० एम० पहिलै सी० ओ० टेबिलको दायाँ–बायाँ सावधान मुद्रामा उपस्थित थिए । सी० ओ० द्वारा अभियुक्तलाई चार्जशीट सुनाउन अघि, अभियुक्तले फौजी परम्परानुसार सलाम ठोकी चिच्याएरै आफ्नो परिचय दिनु पर्छ । छानामाथिका परेवाहरुलाई झस्काएर आफ्नो परिचय दिएँ— "नम्बर - अट्ठाइस- उन्चालीस-छ सय - उन्नचास – बी० एच० एम० जनक बहादुर श्रीमान् ।"

सी० ओ० ले बिना चार्जशीट र बिना कुनै भूमिका बाँधी सफासफी शब्दमा गुरुगम्भीर स्वरले आदेश दिनु भएको थियो - " हा: ! आजसे आपको बटालियन हवल्दार मेजर ओहदा से हटाया जाता है ।" उत्तम सैनिक अनुशासन

---

☼ बुढो–सैनिक परिवारमा शीर्षस्थ व्यक्तिलाई सम्बोधन गरिने आदरात्मक शब्द– बुढो वा ओल्डम्यान ।

उदाहरण प्रस्तुत गर्दै उहाँका आदेश शिरोधार्य गरी स्वीकारें – "जो हुकुम -श्रीमान्।

एड्जुटेन्टले मेरो दाहिने नारीमा बाँधेको गह्रुकिलो–वजनदर बटालियन हवल्दार मेजरको पदक फुकालेर टेबिल माथि राखिदिनु'भो। एस. एम. ले बायाँ काखीमुनि च्यापि राखेको पूरा पल्टनको अनुशासनलाई तौलने शासनदण्डलाई खोसे झैं गरी मेरो शरीरबाट अलग गर्नु'भो। अपमान बोधले दुवै कान रन्किएर राता र आँखा रसाएर सामुन्नेका चार्ट र नक्साहरु धमिलो देख्न थालेको थिएँ। तापनि चिउँडो उचाली शिर ठाडोपारी अटल प्रस्तर प्रतिमा झैं उभिएको थिएँ। संज्ञाहीन हुन–हुन लागेको मनमस्तिष्कमा एउटै प्रश्न नाचिरहेको थियो–"कहाँ गल्ती गरेछु ?"

"हा: ! जिस तरिके से आप आजतक पल्टन के बेहतरी के लिए काम करते आए हैं, और दुसरों के लिए मिसालें पेश की हैं, मुझे यकीन है आइन्दा आप इससे भी बेहतर काम और उंचे दर्जे की मिसालें कायम करते हुए अपनी नई जिम्मेवारीको तरजीह (प्राथमिकता) देंगे।" भन्दै खुशीले हँसिका आँखा सोझै मेरो रसाएका आँखासित जुधाउनु भएको थियो, कर्नेल साहबले।

म अकमक्क थिएँ। कर्नेल सोन्धीलाई अति निकटबाट जान्नेहरुलाई मात्र थाहा थियो उहाँ खुसी भए उहाँका आँखा हाँस्छन्। र, उहाँ रिसाउनु भएमा उहाँका जुँगामुनि ओठमा इस्पातीय मुस्कान खेल्दछ छ। एउटै शब्द "हा:" को उच्चारणद्वारा उहाँ आफ्नो मनको अभिप्राय व्यक्त गर्नु हुन्थ्यो। यथा: हो–नाइँ, प्रशंसा–निन्दा, हर्ष–विस्मात इत्यादि जनाउन उहाँका हा: आश्चर्यजनक रुपले मधुर-कर्कश–व्यङ्ग्यमय ध्वनि उत्पन्न गर्थ्यो।

कुन सट्को 'सी. ओ. स्टिक अर्दली'. मरुन रङ्गको मखमलले सजाएको ठूलो डिम्वाकार चाँदीको किस्तीमा दुईवटा सुनौला तारा, अफिसर्सहरुले काखी च्यापने दुवैतिर चाँदीले बेरिएको पातुलो बाह्र आउन्सको एउटा छडी र पातुलो रातो सिल्कको रिबनले बेरेको राष्ट्रपतिको प्रशस्तिपत्र लिएर सि. ओ. अफिस भित्र प्रवेश गरेको थियो ! चालै पाइनँ। त्यसलाई देख्ने बित्तिकै, बिस्मयले पेटभित्र बिस्तारै हुरह्रु-याइ रहेको वायुगोला एक्कासि बेगले भाउन्निदै ब्रह्माण्डमा पुगेर चक्करघिर्नी खान थालेको थियो। शरीरलाई अलि शिथिल नपारेको भए

मेरो त्यो अटल प्रस्तर प्रतिमागर्ल्याम्भ गुर्लंग ढल्न निश्चित थियो। कर्नल सोन्दी साहव नै आँखामा पारदर्शी आर्द्रमुस्कान लिई राष्ट्रपतिद्वारा प्रदत्त प्रशस्तिपत्र पढ्दै हुनुहुन्थ्यो ।

जनक बहादुर गुरुङ्गको स्वस्तिवचन,

मै, आपकी वफादारी, साहस और सदाचार में विशेष आस्था और विश्वास करके इन उपहारों द्वारा आपको स्थायी सेना में नायब– सुबेदार कोटि में का कनिष्ठ आयुक्त पदधारी सन् १९६५ जून मास के तेइसवें दिवस से प्रतिष्ठित और नियुक्त करता हूँ। ....

सुवेदार मेजर साहबले, म नायब सुवेदार बनेको खुशियालीमा ठूलो चियापानको आयोजन गरी पल्टनका समस्त अफिसर्स र जे. सी. ओ. हरुलाई निम्त्याउनु भएको थियो। त्यही थाहा पाएँ, योलमा दिएको परीक्षाफल आइसकेको रहेछ। र, हर विषयमा उत्तीर्ण पनि भएको रहेछु। तर मेरो नाउँ भारत सरकारका गजेटमा उल्लेख नभइन्जेल सम्म बडो गोप्यरुपले दवाएर राखेको रहेछ। सुवेदार हेड क्लर्कसित त्यो परीक्षाफल हेर्न पाउँ भनी अनुरोध गरेको थिएँ। उहाँले आफ्नो सहायकलाई संकेतगरी मेरो परीक्षाफल मगाउनु भयो। सी. ओ. साहवले सर्वप्रथम त्यस कागतलाई हेरेर ठूलो आश्चर्यजनक "हा:" उच्चारण गर्दै मग्न भएको थियो–"हा: ! हिसाब में आपने रेकर्ड कायम किया है, शायद ही इसे कोइ तोड सके !" सबै पेपर मैले राम्रै गरेको थिएँ। गणितमा पाएको सैंतीस अङ्कलाई रातो मसीले घेरा कोरी अङ्ग्रेजी अक्षर "एफ" लेखेको थियो। त्यसैको अघि त्यही रातो मसीले जोड चिह्नको साथ ग्रेसमार्क आठ अङ्क थपी उत्तीर्ण अङ्क पैंतालीस प्रदान गरी मेरो उद्धार गरेको थियो। मनै मन अपार आशीषका साथ अज्ञात जाँचकीलाई धन्यवाद दिएँ।

यहाँ एउटा कुरा के जाहेर गर्न चाहन्छु भने सन् १९८३ को जून महिना सम्म भारतीय स्थल सेनाका कुनै योद्धाले, मैले गणितमा पाएको ग्रेसमार्क "आठ" अङ्कलाई उच्छिन्न सकेको थिएन। भनौं न मेरो त्यो कीर्तिमान कसैले भङ्ग गर्न सकेको थिएन।

६ जून सन् १९८३ मा भारतीय स्थल सेनाका सर्वोत्तम रेजिमेन्ट

ब्रिगेड अफ दी गार्ड्स रेजिमेन्टल सेन्टरको सुबेदार मेजर पदबाट सेवामुक्त हुने बेलामा अनरेरी लेफ्टिनेन्टको ओहृदा पाएको थिएँ। पैंतीस वर्ष पहिले मात्र एउटा गुन्टा लिई एक्लै अनिश्चितताको विदेशी धरामा खुट्टा टेकेको थिएँ। ८ जून सन् १९८३ मा एक अदद श्रीमती र पाँच अदद भन्टाङ–भुन्टुङ सहित भारतीय रेल्वेको तीन वैगन भरी गुन्टा लिएर फेरि अनिश्चितताको स्वदेशीय धरामा फर्के थिएँ म ।

पेन्सन आएको अढाइ महिनापछि पन्ध्र अगस्त, भारतीय स्वतन्त्रता दिवसको उपलक्ष्यमा तत्कालीन भारतीय राष्ट्रपति श्री नीलम संजीव रेड्डिले मलाई सेवा–निवृत्त पछि सम्मानार्थ अनरेरी क्याप्टेनको पद प्रदान गर्नु भो।

२९ अप्रिल सन् १९९४ मा कामठी छाउनी स्थित भारतीय स्थल सेना दक्षिणी कमान अभिलेख कार्यालयमा भयङ्कर आगलागीको समाचारले मन सारै विचलित भएको थियो। र, कामठी छाउनीका हर्ताकर्ता ब्रिगेडियर हरचरण सिंह घुमनलाई विस्तृत जानकारीको निम्ति पत्र लेखेको थिएँ। संक्षिप्त उत्तरमा आगलागीको पुष्टि बाहेक त्यसबाट भएको क्षतिबारे उहाँले केही पनि लेख्नु भएन। कामठीको त्यस अभिलेखालयमा अनुमानतः हज्जारौं भूत पूर्व सैनिकहरुका प्रामाणिक रिकर्ड सहित मेरो रिकर्ड पनि त्यहाँ राखिएको थियो। व्यक्तिगत इतिहासको पुलिन्दामा मैले आफ्नो सेवाकालमा गरेका कृत्य–कुकृत्यका साथै त्यो कीर्तिमान पनि संलग्न थियो। त्यस अनौठो कीर्तिमानले कुनै औपचारिक स्तरको मान्यता प्राप्त गर्न नसके तापनि, त्यसको (भावनात्मक) अहमत्याईं मैले मनमा जतनका साथ सँगालेर राखेको छु। त्यो कीर्तिमान डढेर भस्मीभूत हुन सक्छ। किताब कीराले चाटेर धूलो पार्न सक्छ। तर, क्लास टिचर हामुबाबु सरले आज भन्दा अर्ध शताब्दी पहिले गर्नु भएको भविष्यवाणी यस मनबाट मेटिएला त ?"....

........जाः गिए मेलेटारीते ढुके लेफ्ट–राइट कर। सेखाने हयतो कोनो कीर्तिमान धरबि।"

२०५२। रामनवमी

कमला सदन

छपकैया - वीरगंज–२

# मैले जीवनमा हुने स्वाभाविक यौनलाई नै स्थान दिएको छु ।

डा० भीमचरण थापा

(पुर्खौंली थलो सेती अञ्चलको अछाम जिल्ला अन्तर्गत भए तापनि पिता भारतीय सेनामा भएको कारणले भारतको लैंन सिडाँल (गढवाल नजिक) को मिलटरी छाउनीमा ६ मार्च १६३४ मा जन्मिनुभएका डा० भीमचरण थापा हाल ठाकुर राम बहुमुखी क्याम्पसमा नेपाली विषयको सह प्राध्यापक (अध्यक्ष नेपाली विभाग) पदमा सेवारत हुनुहुन्छ । डा० थापा ३० को दशक देखि नै नेपाली उपन्यासका क्षेत्रमा समेत परिचित हुनुहुन्छ । वहाँका आधा दर्जन उपन्यास प्रकाशित भैसकेका छन् । प्रस्तुत छ, उपन्यासकार डा. भीमचरण थापासंग सगरका अतिथि सम्पादक श्री घनश्याम न्यौपाने 'परिश्रमी'ले लिनुभएको अन्तर्वार्ताका प्रमुख अंशहरु)

प्र. नं. १. तपाईंको साहित्यिक यात्राको थालनी कसरी भयो ?

उ. विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलापको कार्यक्रमबाट मेरो साहित्यिक यात्रा प्रारम्भ भएको हो । म देहरादूनमा गोर्खा मिलिटरी हाइस्कूलमा कक्षा नौमा पढ्दै थिएँ । शुक्रवार अतिरिक्त क्रियाकलाप हुने गर्थ्यो । त्यस शुक्रवार वक्तृता कार्यक्रम अन्तर्गत मेरो पनि पालो आयो । मैले तोकिएको विषयमा बोलें । त्यस कार्यक्रमको सभापतित्व गरिरहनुभएको थियो–मेरा पूजनीय हिन्दीका शिक्षक श्री इन्द्रदेव शास्त्रीले । वहाँले सभापतिले दिने भाषणमा मेरो सारै बढी प्रशंसा गर्नु भयो । भविष्यमा ठूलो साहित्यकार हुने भविष्यवाणीसम्म गरिदिनु भयो । वहाँको भविष्यवाणी कति सफल हुन्छ, त्यो त भन्न सकिन्न, तर त्यसदिनबाट म साहित्यतिर लम्कें ।

प्र. नं. २. प्रथम प्रकाशित रचना कुन हो ?

उ. मेरो प्रथम प्रकाशित रचना 'हे युवक ! हे गुब्बारे वाले' हो । यो रचना

हिन्दीमा छ तथा गोर्खा मिलिटरी हाई स्कूलको त्यस बेलाको स्कूलको वार्षिक मैगजीनमा छापिएको छ।

प्र. नं. ३. हालसम्म तपाईका कुन–कुन उपन्यास प्रकाशित भएका छन् ?

उ. हालसम्म मेरा प्रकाशित उपन्यास यस प्रकार छन् :–

| नाम | वर्ष | प्रकाशक |
|---|---|---|
| माया | २०३१ | पंचम क्लब, वीरगंज |
| मोड | २०३३ | सजनी देवी थापा, वीरगंज |
| प्रतीक्षा | २०३८ | साझा प्रकाशन, पुलचोक, ललितपुर |
| पर्खाल | २०४० | " " |
| शारदा | २०४६ | " " |
| कल्पना | २०४८ | स. देवी थापा, वीरगंज |

प्र. नं. ४. साहित्यिक विधाको रुपमा उपन्यासप्रति यहाँको दृष्टिकोण ?

उ. म साहित्यको विद्यार्थी भएकोले साहित्यका सबै विधा प्रति मेरो रुचि छ, तर साहित्यका सबै विधा भन्दा मलाई उपन्यास विधा बढी मनपर्छ। यसको खास कारण के हो भने यस विधामा मानव जीवन र वातावरण सम्बन्धी विभिन्न स्थिति र समस्याहरुलाई प्रभावकारी रुपले प्रस्तुत गर्न सकिन्छ। साथै यस विधाका पाठक बढी हुन्छन्। बढी भन्दा बढी पाठकहरुको बीचमा पुगुँ भन्ने इच्छा सृजनशील साहित्यकारहरुमा हुन्छ होला। संभवतः ममा त्यो इच्छा बढी बलवती छ। त्यसैले मैले उपन्यासलाई नै प्राथमिकता दिएँ।

प्र. नं. ५ तपाईले औपन्यासिक कथा वस्तु कहाँबाट लिनुहुन्छ ?

उ. समाजबाट। छर–छिमेक र वर–परका मानिसहरुमा नै उपन्यासका पात्र र कथावस्तु प्राप्त गर्दछु। म भ्रमणलाई विशेष महत्व दिन्छु। भ्रमणको क्रममा नै म सशक्त कथावस्तु र सजीव पात्र पाउँदछु। त्यसैले म क्षमताले भ्याएसम्म देशका कुना-काप्चासम्म पुग्ने प्रयास गर्दछु।

प्र. नं. ६. तपाईका उपन्यासमा प्रायः नारी चरित्र र यौन पक्षलाई महत्व दिएको पाइन्छ। यसको पछाडि केही कारण छ कि ?

उ. तपाईले ठीक भन्नुभयो-मेरा उपन्यास नारी चरित्र प्रधान हुन्छन् । समाज नारी र पुरुषले बनेको हुन्छ । सोचने मान्छे भएकोले नारीप्रति मेरो विशेष आकर्षण हुनु स्वाभाविकै हो । त्यसमा पनि हाम्रो जस्तो पिछडिएको समाजमा आइमाईहरु बढी शोषित र पीडित छन् । नारी पुरुषबाट मात्र शोषित छैन, स्वयं नारीबाट पनि शोषित छन् । त्यसैले मैले नारीलाई आफ्ना उपन्यासमा प्रधानता दिएको हुं । जहाँसम्म यौनको पक्ष छ, त्यसलाई पनि म बढी नै महत्व दिन्छु । किन भने यौन बिनाको जीवन मेरो विचारमा खल्लो हुन्छ । तर यौन प्रदर्शित गर्नु मेरो लक्ष्य होइन । यौनलाई मात्र प्रदर्शन गरेर मैले आफ्ना उपन्यासहरुलाई हल्का र अश्लील बनाउने प्रयास गरेको छैन । मेरो विचारले मैले जीवनमा हुने स्वाभाविक यौनलाई नै स्थान दिएको छु । यौनजन्य कुण्ठाहरुको विश्लेषण गर्ने प्रयास गर्नुमा पनि म रुचि राख्दछु । तपाई मान्नुहुन्छ कि हुन्न, तर म यौनलाई जीवनको सबैभन्दा बलियो पक्ष मान्दछु ।

प्र. नं. ७. नेपाली उपन्यासको वर्तमान स्थिति कस्तो देख्नु भएको छ ?

उ. वर्तमान नेपाली उपन्यासले विभिन्न पक्षलाई समातेको छ । वैचारिक दृष्टिले पनि आदर्शोन्मुख यथार्थवाद, मनोविश्लेषणवाद, अस्तित्ववाद, मार्क्सवाद, आंचलिकता, ऐतिहासिक आदि विभिन्न पक्षलाई प्रतिनिधित्व गर्ने उपन्यास नेपालीमा देखापरेका नै छन् । तर संतुष्ट हुनुपर्ने अवस्था चाहिं छैन । किन भने नेपाली उपन्यास संख्यात्मक दृष्टिले सारै कम छन् । स्तरीयतामा पनि अगाडि बढिसकेको छ भनी गर्व गर्न सकिदैंन । साथै विभिन्न शैलीहरुको प्रयोगमा पनि नेपाली उपन्यास जगत पछाडि छ। त्यसमा पनि प्रकाशन र बिक्री वितरणका असुविधाहरुले गर्दा लेखकहरुलाई प्रोत्साहन छैन । त्यसैले नेपाली उपन्यासको बर्तमान स्थिति चिन्ताजनक नै छ ।

प्र. नं. ८. तपाईले "नेपाली र हिन्दी उपन्यासको तुलनात्मक अध्ययन" मा विद्यावारिधि उपाधि प्राप्त गर्नु भएकाले यी दुई भाषाका उपन्यासमा के

कस्ता समानता र भिन्नता पाउनुहुन्छ ?

उ. हिन्दी विशाल देशको भाषा हो, जब कि नेपाली सानो देशको भाषा हो। भारतमा औपचारिक शिक्षाको इतिहास पनि लामो छ। त्यति मात्र होइन, त्यहाँ प्रकाशन तथा बिक्री–वितरणको पनि निकै सुविधा छ। त्यहाँ अब लेखकहरु लेखनले मात्र पनि जीवनयापन गर्न सक्छन्। त्यसैले त्यहाँका आधी जस्तो लेखकहरु लेखनमा मात्र केन्द्रित छन्। जसले गर्दा हिन्दीमा स्तरीय उपन्यासहरु बढी निस्कन सम्भव भएका छन्। विभिन्न वैचारिक धरातलका उपन्यासहरु हिन्दीमा पर्याप्त छन्। एउटै लेखकका बीस–तीस उपन्यास उपलब्ध छन्। हाम्रो नेपालीमा पनि विभिन्न वैचारिकतासित संबन्धित उपन्यास निस्केका छन्, तर, सीमित मात्रामा। नेपालीमा प्रतिष्ठित लेखकहरुले पनि–६ भन्दा बढी उपन्यास लेखेका छैनन्। जसले गर्दा संख्यामा र स्तरीयतामा हिन्दीका उपन्यासहरुको दाँजोमा पुग्न नसक्नु स्वाभाविकै हो। त्यसमा पनि पाकेट बुक साइजका हिन्दी उपन्यासहरुले नेपालमा राम्रो बजार बनाउन सफलता पाएका छन्। अतः नेपालीका उपन्यास पढने बानी जनसाधारणमा छैन। हाम्रो यहाँ पाटक उपन्यास किनेर भन्दा माँगेर पढन रुचाउँछन्। सरकारी स्तरमा पनि प्रकाशन र बिक्री–वितरणतिर ध्यान दिइएको छैन। नेपालीमा उपन्यासलाई मात्र विषयबस्तु बनाएर लेखिएका समालोचनाका पुस्तक चार–पाँच भन्दा बढी छैनन्। जब कि हिन्दीमा एक हजार भन्दा कम उपन्यासलाई मात्र विषय वस्तु बनाएर समालोचनाका पुस्तक निस्किसकेका छन्। यसरी नेपाली उपन्यास हिन्दी उपन्यासको तुलनामा सबै क्षेत्रमा पछाडि छ।

प्र. नं. ६. तपाईंले प्राध्यापन पेशामा झण्डै चार दशक लामो अनुभव प्राप्त गर्नु भएको छ। यस पेशाप्रति तपाईंको कस्तो दृष्टिकोण छ ?

उ. मानिसलाई शिक्षाको उज्यालो घाममा ल्यने काम नै शिक्षण हो। त्यसैले म यस पेशालाई उपयोगी र सम्मानजनक पेशा मान्दछु। सम्मान नपाइने पनि होइन। तर वर्तमान युग आर्थिक युग भएकोले पैसावा-

लाहरुको नै सम्मान र धाक–रवाफ हुन्छ । त्यसैले शिक्षण पेशाप्रति आकर्षण घटेको छ ।

प्र. नं. १० तपाईले समालोचनामा किन कलम चलाउनु भएन ?

उ. कलमै नचलाएको त होइन । विद्यावारिधिको ग्रन्थमा समालोचना गरेरै निष्कर्षसम्म पुगिन्छ । तर सामान्य रुपमा मैले समालोचक हुन चाहि चाहिन । यसको प्रमुख कारण के हो भने म स्रष्टा हुन चाहन्छु । अरुको रचनालाई केलाउनु भन्दा आफै रचना गर्नु तिर मेरो रुचि बढी छ । अर्को कुरा समालोचकमा सारै बढी अध्ययनशीलता र इमानदारी चाहिन्छ । नाम चलेका लेखकहरुको रचनाहरुको प्रशंसा गरिदिने जुन परम्परा हो त्यो राम्रो होइन । नयाँ लेखकहरुलाई पनि पढी उनीहरुलाई मार्ग देखाउन सक्नुपर्छ । यो कुरा समालोचकहरुको ठूलो उत्तरदायित्व अन्तर्गत पर्दछ । तर दुःखको कुरा के छ भने हाम्रा समालोचकहरु त्यति मेहनेती र इमानदार छैनन् ।

प्र. नं. ११. नेपाली साहित्यमा राजधानीवाद हावी भएको कुरा व्यापक रुपमा चर्चित छ । के तपाइ यस भनाइप्रति सहमति जनाउनु हुन्छ ?

उ. यस कथन प्रति म सहमत छु । काठमांडू बाहिरका लेखकहरुलाई वास्ता नै नगर्ने गरिएको अनुभव हुन्छ । यस्तो गर्नु साहित्यको प्रगतिको लागि राम्रो होइन ।

प्र. नं. १२ नेपालमा प्रगतिशील र प्रजातांत्रिक भनेर साहित्यकारहरु विभाजित देखिन्छन् तपाईलाई कस्तो लाग्छ ?

उ. निकै हदसम्म यो कुरा सत्य हो । तर साहित्य प्रगतिशीलता र प्रजातांत्रिकताका सीमामा सीमित नहुनुपर्ने । यी सीमाहरुको अतिक्रमण हुन सक्नुपर्छ । एक अर्का सिद्धान्तलाई बुझ्न सक्नुपर्छ ।

प्र. नं. १३. तपाई अब झण्डै एक वर्षपछि अवकाश पाउँदै हुनुहुन्छ । त्यस पछिको जीवनलाई कसरी बिताउने योजना बनाउनु भएको छ ?

उ. यो महँगीमा पेन्शनको पैसाले मात्र खान पुग्ला जस्तो लाग्दैन । त्यसैले घरैमा सानो–तिनो पोल्ट्री फार्म खोल्ने विचार छ । उसै म साहित्य

साधनामा नै लाग्ने छु। पोल्ट्रीले साहित्य साधनामा त्यति बढी बाधा देला जस्तो लाग्दैन।

प्र. नं. १४. हाल के लेख्दै हुनुहुन्छ ?

एउटा हिन्दीमा उपन्यास लेख्दैछु। भानुभक्तीय रामायणको नेपालीबाट हिन्दीमा अनुवाद गर्ने जिम्मा पनि भानुभक्तका पनाती श्री मुक्तिनाथ आचार्यले दिनु भएको छ ।

प्र. नं. १५. तपाई बासट्ठी वर्ष पुरा गरिसक्दा पनि बडो फुर्तिलो, छिटो–छरितो र हृष्ट–पुष्ट देखिनुहुन्छ। तपाईलाई बूढो भएको छु जस्तो लाग्छ कि लाग्दैन ?

उ. हृष्ट–पुष्ट हुनुमा भाग्यले साथ दिएको कुरालाई स्वीकार गर्दछु। बाहेर मात्र स्वास्थ्य प्राप्त हुने त होइन। उसै म बिहान नियमित रुपले निकै लसुन खान्छु। शारीरिक श्रम पनि गर्छु। म सामान्य परिवारको व्यक्ति भएको हुंदा केटा–केटीपनबाटै शारीरिक श्रम गर्दै आएको हुं। चुरोटका ठुट्टा देखेर घिन लाग्छ। त्यसैले धूम्रपान गर्ने कुरै भएन। सुर्ती वा अन्य नशीला पदार्थको पनि सेवन गर्दिन। हो, सामान्यतया बेलुका एक–दुई पेग रक्सी र मासु भने खान्छु ।

शारीरिक र मानसिक रुपले बूढो भएको छु भन्ने लाग्छैन। तर जब म आफ्ना चेलाहरु आफू संगै काम गरिरहेको देख्छु वा केही चेला त सेतै फुलिसकेका देख्छु, त्यस बेला बुढो भएको अनुभव हुन्छ।

प्र. नं. १६. समग्र नेपाली साहित्यको वर्तमान अवस्थालाई कसरी हेर्नु हुन्छ ?

उ. अवस्था सामान्य नै छ, धेरै प्रगति गरेको मान्न सकिन्न। तर प्रगति नै भएको छैन पनि भन्न सकिन्न। साहित्यका प्रत्येक विधा अगाडि बढिरहेकै छन् । तर यो प्रगति साहित्यकारहरुको साहित्यिक संस्थाहरु-को र सरकारको सक्रियतामा भएको होइन । जनुसकै कुरा समय अनुसार केही न केही अगाडि बढ्छ नै। त्यसै क्रममा समग्र नेपाली साहित्य पनि बढ्दै छ।

प्र. नं. १७. नेपाली उपन्यास जगतमा तपाईलाई सबै भन्दा बढी मनपर्ने साहित्यकार

को हुन् ?

उ. विश्वेश्वर प्रसाद कोइराला, पारिजात, रमेश विकल र डाइमन शमशेरका उपन्यासमा पाठकलाई आफूतिर तान्ने क्षमता भएको अनुभव गर्छु । त्यसैले मलाई यी लेखक मनपर्छन् । यी लेखकहरुको शैली पनि राम्रो छ । साथै यी लेखकहरुले आफूले भन्न चाहेको तथ्यलाई स्वाभाविक रुपमा प्रस्तुत गरेका छन् ।

प्र. नं. १८. तपाईंका आगामी उपन्यासहरुको प्रवृत्ति र स्वरुप कस्ता हुने छन् ? पहिलेकै जस्तो कि अलि पृथक ?

उ. मेरा आगामी उपन्यासहरुका प्रवृत्ति र स्वरुपमा केही भिन्नता आउने नै छ । किन भने समय गतिशील छ तथा जुनसुकै मानिसलाई समयको गतिले प्रभावित पार्छ । तर म प्रयास गरी–गरी भिन्नताल्याउने पक्षमा छैन । अर्थात म भिन्नता प्रदर्शन गर्ने लोभमा लेख्ने होइन । म जे लेख्छु, त्यसमा डुबेर लेख्न चाहन्छु । भावनामा चुर्लुम्म डुबेर लेख्ने आनन्दलाई नै म प्राथमिकता दिन्छु ।

प्र. नं. १९ जिन्दगी प्रति तपाईंको दृष्टिकोण कस्तो छ ?

उ. जिन्दगी बरदान हो । त्यसैले भरसंक सुखी जीवन बिताउनुपर्छ । महत्व दिनुपर्ने कुरा के हो भने आफ्ना सुखले अर्काको जीवनमा बाधा नपरोस् । भरसक मानव मात्रको कल्याण होस् भन्ने चिताउनुपर्छ ।

प्र. नं. २०. तपाईंको साहित्यिक वा शिक्षण सम्बन्धी जीवन यात्रामा घटित कुनै उल्लेखनीय घटना छन् कि ?

उ. मैले शिक्षण पेशामा पहिलो नियुक्ति ऋषिकेशको भरत मन्दिर इण्टर कलेजमा पाएको थिएँ । मलाई अन्य कक्षा र विषयहरुको साथै कलेजको सबै भन्दा तल्लो कक्षा ६ मा अंग्रेजी विषय पढाउन दिइएको थियो । अध्यापनका प्रारम्भका दिन भएकाले म सारै उत्साहित थिएँ । सारै लगनपूर्वक पढाउँथे । सबैको अंग्रेजी राम्रो होस् भनी म अन्य कार्यहरुको साथै अंग्रेजीका शब्दहरुको हिज्जे प्रत्येक दिन कक्षाको अन्त्यमा सोध्ने गर्थे । केही दिनपछि विद्यार्थीहरुको ज्ञानमा निश्चित रुपमा वृद्धि गर्न

मैले दुई-तीन भन्दा बढी शब्दहरुको हिज्जे भन्न नसक्नेलाई खडा स्केलले हत्केलामा हानी दण्ड दिन थालें। यस दण्डको विधानले धेरै विद्यार्थीहरुले हिज्जे सुनाउन सकेको मैले अनुभव गरें। तर एक-दुई विद्यार्थीमा भने विशेष प्रगति देखापरेन। तिनीहरुले रोजै स्केलको मार खान्थे। एक दिन एउटा विद्यार्थीले मैले स्केलले हान्न खोज्दा दाहिने हात अगाडि सारेन। मैले कर गरें। उसको बगलको साथीले भन्यो "सर, उसको दाहिने हत्केलामा स्केलले घाउ बनाएको छ।" मैले पत्याइन। केटोलाई मुट्ठी खोल्न भनें। नभन्दै स्केलको रोजैको मारले उसको हत्केलामा घाउ भएको रहेछ। त्यो घाइते हात देखेर मेरा आँखामा आँसु रसाएर आए। विद्यार्थीहरुले आँसु देख्लान् भन्ने डरले म मौन भई कक्षाबाट बाहिर निस्किदिएँ। म त्यस घटनालाई अझै पनि झलझली सम्झेर दुःखी हुन्छु।

प्र. नं. २१ नेपालमा स्थापित सरकारी तथा निजी पुरस्कारहरु र तिनको वितरण प्रणाली प्रति तपाईको कस्तो दृष्टिकोण छ ?

उ. जुन स्तरमा भए पनि पुरस्कारहरुको व्यवस्था हुनु राम्रो हो। तर वितरणमा काखा पाखाको भावनाले काम गर्नुहुन्न।

पुरस्कारहरुको वितरण प्रणाली प्रति म आफूलाई त्यति बढी संतुष्ट भएको पाउँदिन।

प्र. नं. २२. तपाईको उपन्यास लेखनमा राष्ट्रिय अन्तर्राष्ट्रिय लेखकको प्रभाव परेको छ कि छैन ?

उ. मेरो लेखनमा राष्ट्रिय-अन्तर्राष्ट्रिय कुनै विशेष लेखकको प्रभाव परेको छ जस्तो मलाई लाग्दैन। हो, मैले पढेका सबै लेखकहरुको केही न केही प्रभाव भने परेकै हुनुपर्छ।

प्र. नं. २३. साहित्य सृजना किन र कसका लागि ?

उ. साहित्यकारले आन्तरिक र बाह्य प्रसन्नता प्राप्त गर्न चाहने हुनाले नै साहित्य सृजन गर्छ। निश्चित रुपले साहित्य समाज वा पाठकहरुको लागि हुन्छ।

प्र. नं. २४. तपाई कथा पनि लेख्नुहुन्छ रे। कथा र उपन्यास दुवै आख्यान विधा अन्तर्गत पर्दछन् । यी दुई विधाको तात्विक भिन्नता के हो ?

उ. मैंले 'कथा संग्रह' को रुपमा निकाल्न सकेको छैन, तर म कथा पनि लेख्नेगर्छु । निश्चय नै दुवै आख्यान विधा अन्तर्गत पर्दछन् । यी दुईमा तात्विक भिन्नता के छ भने एउटाले जीवन र जगतको विस्तृत चित्रण गर्दछ भने अर्कोले जीवन र जगतको एक पक्षको मात्र चित्रण गर्दछ । जसको प्रारम्भ र अन्त्य दुवै प्रभावशाली हुन्छन् ।

प्र. नं. २५. साहित्यमा राजनीतिक प्रभाव हुनुपर्छ भन्ने विषयको तपाई पक्षमा हुनुहुन्छ कि विपक्षमा ?

उ. राजनीतिक प्रभाव केही हदसम्म हुनु नराम्रो होइन । तर साहित्य आफ्नो पक्षको राजनीतिको प्रचार गर्ने साधन हुनुहुन्न । वास्तवमा साहित्य मानिसका स्थायी भावहरुलाई खोतल्ने खालको हुनुपर्छ । तर मेरो भनाइको अर्थ राजनैतिक उपन्यास नै लेख्न हुन्न भनेको होइन । आफ्नो राजनैतिक विचार धाराको पक्षमा नलागी विशुद्ध राजनैतिक उपन्यास लेख्न सकिन्छ । ऐतिहासिक उपन्यासमा तत्कालीन समयको राजनीतिको झलक आउँछ नै ।

प्र. नं. २६. प्रायः लेखकहरुको साहित्यिक यात्रा कविताबाट हुने गर्छ । तपाईको नि ?

उ. म अपवाद हुँ ।

प्र. नं. २७. अन्य केही भन्ने कुराहरु छन् कि ?

उ. म देशको वर्त्तमान अवस्थासित संतुष्ट छैन । बहुसंख्यक नेता महत्वपूर्ण ठाउँमा पुगेपछि देशलाई भन्दा व्यक्तिगत स्वार्थलाई बढी महत्व दिन्छन् । धन–सम्पत्ति मात्र सबै कुरा होइन । मैले जन साधारणको भलाइको लागि के–के गर्न सकें भन्ने कुरा नै महत्वपूर्ण हो। एकान्तमा आत्म आलोचना गर्दा ग्लानि होइन संतुष्ट हुन सक्ने कामहरु नेता र जनसाधारणले पनि गरेको हुनुपर्छ ।

साहित्यको दृष्टिकोणले हेर्दा म सरकारले साहित्य र भाषाप्रति न्याय गरेको छैन भन्न चाहन्छु। प्रज्ञा प्रतिष्ठान स्थापित भएकोमा

मात्र साहित्यप्रतिको उत्तरदायित्व पूरा भयो भनी ठान्नुहुन्न । हिन्दी र अंग्रेजीको प्रभावले थिचिएको नेपाली भाषा र साहित्यलाई माथि उठाउन सरकारले पनि जिम्मेवारी लिनुपर्छ । प्रकाशन र बिक्री वितरणमा केन्द्रीय सरकार तथा नगरपालिकाले ठूलो भूमिका खेल्न सक्दछन् । प्रकाशनको लागि अलिकति मात्र बजेट छुट्याउन सके पनि निकै काम हुनसक्छ । वर्त्तमान सरकार र कांग्रेसको एकमना सरकारले त यस दिशातिरबाट मुख मोड्यो–मोड्यो । एमालेको नौ महीने सरकारले पनि प्रकाशन आदिको लागि अलिकति पनि बजेट छुट्याएन । जब कि एमाले सरकारले आफ्नो गाउँ आफै बनाऊँ र वृद्धहरुको भत्ता जस्ता राम्रा कामहरुको लागि बजेटको व्यवस्था गरेको थियो ।

नेपाली भाषा र साहित्यको विकास गर्न सकभर स्तरीय पुस्तक बढी छापिनुपर्दछ । साथै ती पुस्तक सस्तो मूल्यमा जुनसुकै जिल्लाका पुस्तक पसलहरुबाट सजिलै पाउन सकिनुपर्छ । यसको लागि सरकारी स्तरमा शुरुमा कमै बजेट भए पनि छुट्याउनुपर्छ भन्ने मेरो धारणा छ ।

---


नव वर्ष २०५३ सालको उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा हार्दिक
मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

**गौतम आवासीय मा. वि.**
श्रीपुर १४

# कवि दीपक सोती र उनको काव्य साधना

– डिल्लीराम मिश्र 'श्रमजीवी'

भाषा, साहित्य, कला, संस्कृति एवं ज्ञान विज्ञानका कुञ्ज निकुञ्जहरु देशका धरोहर अमूल्य निधि हुन् । र यिनै कालजयी सम्पत्तिको सम्वर्द्धन र संरक्षण गर्ने सर्जकहरु नै समाजका कालीगढ हुन् । यस्ता सर्जक कालीगढहरुको अभावमा समाज अपाङ्ग र देश टुहुरो हुन जान्छ । त्यसैले मानवीय पीडा र समाज चेतनाको हुटहुटीमा योगदान पु-याउने कलमजीवीहरु जहाँ र जहिले पनि वन्दनीय रहन्छन् । सम्पन्न र संभ्रान्त परिवारमा मात्र होइन असम्पन्न भन्दा पनि सामान्य परिवारमा जन्मेर ओजेलमा पर्न गएका प्रतिभाहरुलाई जनप्रकाशनमा ल्याईदिनु पनि कलम चलेकाहरुको निस्वार्थ दायित्व हो । यसैले यहाँ गण्डकीका युवाकवि दीपक सोतीको कृतित्व बारेमा टिपोट गर्ने जमर्को गरिएको छ ।

नेपाली साहित्य र संस्कृतिको सेवामा महत्वाकांक्षी भावना बोकेर कलिलै उमेरमा मेची महाकालीसम्मका कुनाकन्दरामा पुगेर आफ्ना पवित्र भावनाको थैली फुकाई जनतालाई कविताका कोसेली बाँड्दै हिंड्ने पर्यटक कवि दीपक सोतीको जीवन अत्यन्त दुःखैदुःख र संघर्षले भरिएको छ । यसो हुनुमा आफ्नै कमजोरी, आमा बाबुको लापर्वाही, केही सामाजिक अस्तव्यस्तता र केही नियतिको अविवेक नै यसका कारक तत्व हुन् । साहित्यिक फाटको ग्रामीण समाजमा १६, १७ वर्षको उमेरमा एउटा कविको महत्वाकांक्षी भावना बोकेर घर नै त्याग गर्ने कुनै कबि छन् भने ती हुन् दीपक सोती । यही रुपमा कवि दीपक सोतीलाई नेपाली साहित्य समाजले चिन्दै आएको छ । महान हृदय, निस्वार्थ भावना र संकीर्णताबाट मुक्त भएर लागिपर्ने र खोजि पस्ने हो भने नेपाली साहित्य र संस्कृतिको सुन्दर फाँटमा धेरै दीपक सोतीहरुको कारुणिक व्यथा भेटिन्छ ।

जीवनमा थोरै समय बाँचेर नेपाली साहित्यमा गहकिलो योगदान छोडेर गएका जनकवि गोकुल जोशीको कवित्व प्रतिभाबाट अत्यन्त प्रभावित भएका

कवि दीपक सोतीको जन्म २००८ श्रावणमा लम्जुङको भलुवावेसीमा भएको हो। जिल्लागत रुपमा सिमाना हेरफेरको क्रममा २०३२ पछाडि उक्त ठाउँ तनहुं जिल्लामा पर्न गएको छ। लमजुङ जिल्लाको पुरानो सदरमुकाम कुन्छासंग जोडिएको भलुवावेसी पहिले काठमाडौं पोखरा पैदल यात्रा यही वेसी भएर हिड्ने गरिन्थ्यो। बाबु नित्यानन्दका पाँच भाई छोरा मध्ये साहिला छोराका रुपमा जन्मेका दीपक सोतीले कलिलै उमेरमा घर त्याग गर्नु परेको कारण अरु दाजुभाई सरह शिक्षा आर्जन गर्न पाएनन्। आफ्नै आय स्रोतले खान लाउन पुग्ने परिवारमा जन्मेका र बाबु नित्यानन्द जजमानी काम गर्ने भए पनि दीपक सोतीले एस. एल. सी. सम्मको अध्ययन गर्ने अवसर पनि पाउन सकेनन्। लमजुङ्लाई जन्मभूमि, तनहूंलाई प्रेरणाभूमि, हेटौंडालाई कर्मभूमि र पोखरालाई आश्रयभूमि बनाएर काव्य साधनमा निरन्तर लागिपर्ने दीपक सोती सहज कवि हुन्।

आज भन्दा करीब ३० वर्ष अगाडि अर्थात २०२२ सालमा १६/१७ वर्षको एउटा किशोर दीपक सोती लमजुङ कुन्छावाट सोती पसल, शिशाघाट, सातमहले देउराली हुँदै तीन चार दिनको पैदल यात्रा हिँडेर पोखरा शहर भन्दा निकै माथि हेमजा गाउँमा एक साहित्यप्रेमी मुकुन्दशरण उपाध्यायको घरमा पुग्छन्। त्यस भन्दा पहिले कवि मुकुन्दशरण उपाध्यायले प्राकृत पोखरामा मदन पुरस्कार प्राप्त गरी सकेका थिए भने उक्त पद्य कविता दीपक सोतीले कण्ठस्थ पारेको देखेर उनलाई पनि कविता लेखनमा प्रेरणा जगाएको बुझिन्छ। एउटा भुत्रो झोलामा अनेकन कविताका बिटाहरु हालेर हिड्ने दीपक सोतीको झोलावाट सर्वप्रथम गोकुल जोशीका कविता मुकुन्दशरणले सुनेका थिए। गजाधर सोतीकी घरबुढीले हाम्रा आदिकवि भानुभक्त आचार्यलाई सताए जस्तै दीपक सोती पनि कविताका लागि समर्पित भएर एक दिन घरै छोडेर हिडेका थिए।

नेपाली कविताको काव्य परम्पराभित्र समर्पित दीपक सोतीले यस फांटमा आफ्नै अस्तित्व सिर्जनाको हिमाल बोकेका छन्। अनि आफ्नो युगको निर्माण स्वरमले गरेका छन्। कविवर माधव प्रसाद घिमिरेको गौरी र धर्मराज थापाको पहाडी संगीत गाएर साहित्य र संस्कृतिको क्षेत्रमा प्रेरणाको जग बसालेका

हुन् कवि दीपक सोतीले दीपक सोतीको विचारमा नेपाली साहित्य शृंगार, फेसन र रक्सी विरुद्ध हुनुपर्दछ भन्ने मान्यता कविको रहेको छ। संधै अस्तव्यस्त भएर हिड्ने दीपक सोतीका अनेकन गुणहरुमध्ये एउटा विशेषता के छ भने साहित्यिक संचारको भूमिका निर्वाह गर्न उनका झोलामा अपरिचित कवि लेखकहरुका रचनाहरु भेटिन्छन्, जसलाई उनी अरु साहित्यकर्मी कहाँ गएर प्रचार गरि दिन्छन् र अपरिचित कवि लेखकहरुसंगको सम्पर्क बढाईदिन्छन्। यो गुण युवककवि मोतीराम भट्टमा जस्तै दीपक सोतीमा पनि रहेको छ।

ईश्वरको लीला बडी विचित्रको छ, परमेश्वर हास्नेलाई रुवाउँछ अनि रुनेलाई हसाउँछ भने जस्तै दाह्री जुगा उम्रेसम्म पनि गाँस, वास र कपासको स्थिति नहुंदा नहुंदै दीपक सोतीले दयनीय अवस्थामा १३ अंचलको भ्रमण गरेका छन्। यही रुप र दौडमा अनेक पत्रपत्रिका छपाए भने ठाउँ ठाउँमा गोष्ठी र मेला पनि चलाएका थिए कवि दीपक सोतीले। महाकवि देवकोटाबाट चुरोट बढ्ता पिउन र हिन्दी साहित्यमा महाकवि निरालाबाट दाह्री कपाल जिङरिङ्ग पार्न दीपक सोतीले पनि सिकेका छन्। यस्तै भेटघाट र आदान प्रदानको क्रममा दीपक सोतीको खडेरी परेको जीवनमा हरियाली भर्दै सुश्री सीताले प्रवेश गर्छिन। दीपकको वैवाहिक सम्वन्ध नवलपरासीकी एउटी योग्य कुमारी सीतासंग सम्पन्न हुन्छ। सीता आफ्नै खुट्टामा उभिन सक्ने एक साहसी नारी थिइन र उनी दीपकलाई पनि व्यवस्थित जीवनमा ल्याउन सक्षम भइन्। दाम्पत्य सूत्रमा बाधिएको केही वर्षसंम दीपक सोतीको बसाइ हेटौंडामा रहन गयो भने २०४२ देखि सोती परिवार स्थायी रुपमा पोखरा नगरीमा बसोवास गर्दै आएको छ। दीपककी श्रीमती सीता साल्टट्रेडिङ्ग कर्पोरेशन पोखरामा कार्यरत छिन् र यसैबाट चुलो बल्ने गर्दछ।

साहित्यिक संरचनाको फांटमा कविता संग्रह र शोक काव्यका रचयिता दीपक सोती अवलोकन र धरा मासिकसंग पनि सम्वद्ध छन्। मकवानपुर साहित्य परिषद्को संस्थापक आजीवन सदस्य रहनुको साथै धेरै पटकसम्म राष्ट्रव्यापी रुपमा अञ्चल र जिल्ला स्तरीय कवि सम्मेलनमा भाग लिई पुरस्कृत समेत

भएका छन् । कविको "समालोचक" शोक काव्यका लागि २०४२ मा पोखरामा अभिनन्दन सहित पुरस्कृत गरिएको थियो भने २०४५ मा साहित्यिक पत्रकारिता र प्राज्ञिक क्रियाकलापको माध्यमद्वारा नेपाली वाङ्मयको विकासमा योगदान पु-याए वापत शिक्षा मन्त्रालयले नगद पुरस्कार प्रदान ग-यो । जुन मुलुकमा राज्यले भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र प्रकाशनको दायित्व वहन गर्न सक्दैन, त्यहाँको कलमजीवी साधकहरुले आफूलाई आफ्नो खुट्टामा नउभ्याई हुँदैन, तर यस तर्फ दीपक सोतीको ध्यान कहिले पनि गएन ।

साहित्य सिर्जना तिर आफ्नो युगको गरीवी झोला आफै बोकेर देश भ्रमण गर्ने, विद्रोह एवं सीप र सन्देशमूलक कवि दीपक सोतीले जीवनमा दुःखै दुःख पाएर पनि अनेकन साहित्यिक फुटकर रचनाका साथै चार वटा गहकिला कृति प्रकाशित गरेका छन् । कुनै तरीकाको माध्यमद्वारा जसरी भए पनि पैसा कमाएर समाज माथि दमन गरेका धनाढ्य वर्गको शोषण देखि वाक्क भएका दीपक सोतीको पहिलो कृति ' मेरो मस्याङ्दी ( कविता संग्रह ) २०२६ हो । यसमा कविले गरीव हुनुको अन्तर पीडालाई यसरी व्यक्त गरेका छन् :

यस्तो व्यक्तित्व रहन्छ पैसाले
स्वागत पाईन्छ पैसाले
न्याय पाइन्छ पैसाले
स्वास्नी झस्कन्छे, साथी घृणा गर्छन्
मेरो व्यक्तित्व चिन्छ कि
किनकि मसंग पैसा छैन ।

नभन्दै एउटा कवि गरीव हुंदा उसंग प्रतिभा बाहेक केही पनि हुंदैन । तर यस्तो अवस्थामा पनि दीपक सोतीमा अलिकति पनि विचलन आएन । उनी आफ्नो उद्देश्यमा हरेस नखाई यात्रा आरम्भ गर्दछन् । कवित्व प्रतिभा भएका दीपक सोतीले जागीर तत्वलाई नकारात्मक भावले हेर्दै जागीर जस्तो तुच्छ र चाकडी गर्नु पर्ने वस्तु अरु केही नभएको उदाहरण मेरो मस्याङ्डीमा ' त्यो कवि कस्तो छ ' शीर्षकमा पोखेका छन् :

रगतको ढिका मुखबाट झार्ने त्यो कवि कस्तो छ ।
हाकिमको गाली खाएको कुनै बहिदार जस्तो छ ॥
एकाउण्ट विश्री जेलमा बस्ने जागीरदार जस्तो छ ।
निलम्बन हुदा रोएर बस्ने जागीरे जस्तो छ ॥

यथार्थमा सप्तगण्डकीका सहायक नदीहरुलाई प्रतीक बनाएर नेपाली समाजको राम्रो चित्रण गरिएको मेरो मर्स्याङ्दी काव्य साहित्यिक फाँटको उत्कृष्ट सिर्जना हो । लमजुङको कुन्छा र तनहूंको बन्दीपुरमा केही समय जागीर खाएका कवि दीपक सोतीले आफ्नी अनुभव मेरी मर्स्याङ्दीमा पुन : यसरी बोल्छन् :

सेतीको तिरमा एकान्त बस्ने त्यो कवि कस्तो छ ।
रण्डीले टाट भएर लाहुरे हिंडेको जस्तो छ ।
मट्टितेल भित्र पानीको थोपा मिलाए जस्तो छ ॥
निलम्बन हुंदा रोएर बस्ने जागीरे जस्तो छ ॥

त्यसैगरी विभिन्न समयमा छरिएर रहेका रचनाहरुलाई संयोजन गरी ०३० सालमा प्रकाशित दुई बत्ती निभेर ( कविता संग्रह ) पनि दीपक सोतीको उत्कृष्ट कृति हो । झण्डै झण्डै कवि भूपि शेरचनको भाषा शैलीमा रचना गरिएको उक्त काव्यमा कविले भावनालाई यसरी मन्थन गरेका छन् :

मादलको धुन त खेलौना मात्र हो ।
वेदना बुझ्न त गीत चाहिन्छ ॥
गीतै पनि त अस्थिर आवाज मात्र हो ।
जिन्दगीको निम्ति त हृदय चाहिन्छ ।

नेपाली साहित्याकाशका ज्वाजल्यमान प्रतिभा महाकवि देवकोटा जस्तै बिशाल हृदय र उदार स्वभाव भएका कवि दीपक सोतीको तेस्रो कृति २०४१ सालमा प्रकाशित एउटा हृदयस्पर्शी "समालोचक" शोककाव्य हो । लोक लयमा आधारित पाँच सय पंक्तिमा लिपिवद्ध भएर पुत्र वियोगमा लेखिएको प्रस्तुत शोक काव्यमा कविको विरहवेदना माधव घिमिरेको गौरी शोक काव्यमा जस्तै मूर्त भएर पोखिएको छ । कविको अहिलेसंम प्रकाशित कृतिहरु मध्ये यसैमा

कवित्व प्रतिभा पूर्ण रुपमा खारिएर पोखिएको छ । छैठौं संस्करण सम्म प्रकाशित हुँसकेको प्रस्तुत लोकप्रिय लघु शोक काव्य कवि दीपक सोतीको अमर कृति हो । पुत्र वियोग र पत्नी वियोग कहिल्यै निको नहुने रोग भएकाले आफ्नो पुत्रको शोकमा जब एउटा सहृदयी बाबुले कविता लेख्न थाल्छ उसलाई वेदनाको कस्तो भक्कानु प्रस्फुटित भएर आउछ स्वयं यो कोहीले पनि अनुभव गर्न सक्छ । उनका शोकयुक्त पंक्तिहरुले यही पीडा बोल्छन् :

जन्मियौ तिमी बोकेर डूलाई हे बाबु हुर्काएँ ।
हुर्केर बित्यो अन्तिम कात्री आफैले ओढाएँ ॥
निदायो चिर निन्द्रामा फ्याकें मलामी डाकेर ।
कसरी फर्कें तिमीलाई बाबु सेतीमा पुरेर ॥

मुटुनै चटक्कै चुडेर लाने यस्ता मर्मस्पर्शी यी पंक्तिहरु पडदा कसको आँखामा वर्षा हुंदैन र ? आसु दुःखको मौन भाषा भएकोले कुनै पनि कविलाई यस्तो कारुणिक शोक काव्य लेख्न नपरोस् भन्दै कवि दीपक सोतीको भक्कानो यसरी बल्जन्छ :

घर त हाम्रो टाढा छ लमजुङ बास कुन्छामा ।
अत्यन्त प्रेमले दशैं र तिहार मानियो कुन्छामा ॥
चम्केका थियौं सूर्य भैं जन्मी हेटौडा नगरी ।
त्यहीबाट सरी आएका हामी पोखरा नगरी ॥

त्यसैगरी दुःखको बेलामा नै मानिसको राम्रो पहिचान हुन्छ भने जस्तै सम्पत्तिमा सबैको हाईहाई विपतिमा कोही छैन दाजुभाई भन्ने लोकयुक्त नेपालीहरुको घर दैलोमा अत्यन्त लोकप्रिय हुने गर्दछ । पुत्र वियोगमा बन्धु, बान्धव आफन्तहरुले पनि पराई ठानी दिदा कवि हृदयका सहनै नसक्ने पिडा यस्ता छन् :

कमाई नगर्ने देखेर दाजुभाई हो बिसियौ
सम्पत्ति आर्जन नदेख्दा बाबा आमाले बिसियौ
लेख्दैनन् चिट्ठी दाइलाई आज भाईले बिर्सिए
यो छोरो मर्दा सान्त्वना दिन पापीले बिर्सिए ।

यसरी नै प्रिय छोराको काजकिया गर्न समेत पैसा नहुंदा धरतीलाई दुःखको साक्षी राखिर कवि दीपक सोतीले कारुणिक विलौना गरेका छन् ?

सांवा ब्याज तेह्र हजार भयो वर्षामा तिर्थे
लासले आमिक दिदैन उसलाई मैले त सुम्झेथें
घर पनि तनहुं वा आमा डस्छन भलुवा चौतारी
बेचौं त आफ्नो नेपाल भरी कही छैन घरबारी ।

त्यस्तै दीपक सोतीको अन्तिम कृति जगदम्बा शोक गीति काव्य हो। रेडियो नेपालबाट आफूले प्राज्ञिक वाङ्मय पुरस्कार पाएको खुसीयाली समाचार सुनेर सो ग्रहण गर्न २०४५ भाद्र ३० गते रमाउँदै काठमाण्डौ आएका दीपक सोतीलाई मदन पुरस्कार गुठीकी संस्थापिका रानी जगदम्बा कुमारीको निधनले गीति शोक काव्य लेख्न विवश बनायो । क्षेत्रपाटी स्थित लमजुङ लजको एउटा कोठामा भाद्र ३१ गते विहान लेखिएको जगदम्बा शोक गीति काव्य पनि अत्यन्त स्तरीय र मार्मिक छ । नेपाली वाङ्मयको फांटमा स्वर्गीय जगदम्बा कुमारी ले दिएको गौरवपूर्ण योगदानको चिरसंस्मरणमा लेखिएको प्रस्तुत शोक गीति काव्य भित्रका वाणीहरु यस्ता छन् :

यो मन मेरो असार हुन्छ थामेर थामिन्न ।
भावना मेरो अधुर हुन्छ लेखेर लेखिन्न ।
रचना तिम्रा मेची र काली घुमेर सुनाउँछु ।
मर्दिनौ तिमी अमर काव्य म पनि बनाउँछु ।
हौं पतिव्रत हैं साँची मान्छे स्वर्गमा वसन ।
मदन शम्शेर पतिजीसंग ए रानी हांसन ॥
साहित्य हाम्रो वर्वाद हुंदा धर्तीमा जन्मन ।
पुनर जन्म हुन्छ कि हुन्न भन्दछ यो मन ॥

यसरी कवि दीपक सोतीको कलम गद्य कविता, लेखन, चोटिला मुक्तक, पत्रकारिता एवं गद्यमा हल्का निवन्धात्मक लेखहरुमा सल्वलाएको छ । तर अहिले सम्मको लेखकीय यात्रामा दीपक सोतीको रचना शिल्पलाई नियाल्दा लोकल

अर्थात प्रचलित झ्याउरेमा नै उनी सहज रुपमा सफल भएर निकै अगाडि बढेका छन् । जनताका माझमा सोझै परेको प्रभावका कारण कविले आफ्नो शोक काव्यमा झ्याउरेको महत्व दर्शाउदै भनेका छन् :

झ्याउरे भनि नगर हेला युगका कविता
जनता बोक्छन् उत्तर दिए आंसुको ममता
झ्याउरे सरल भावना महान सम्झन्छन हितक
यो शोक काव्य अमर छ भन्छ बावा यो दीपक ॥

---


नव वर्ष २०५३ सालको उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा हार्दिक
मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

**ज्ञान ज्योति आ. मा. वि**

बिर्ता

---

**नयाँ वर्ष २०५३ को**

उपलक्ष्यमा

सुख, समृद्धि एवं सुस्वास्थ्यको
हार्दिक मंगलमय शुभकामना

**सुनिल जनरल स्टोर्स**

आदर्शनगर, वीरगंज

# शहरमा

सुविद गुरागाई

रोजगारीको खोजीमा शहर पस्दा
एकदम जोश बोकेर आएको थिएँ
शहरछोड्दा सर्वभन्दा पछाडि परेको खेलाडी जस्तो
लुसुक्क बाहिर निस्किएको थिएँ
'किन ...?' कसैले सोधेन शहरमा ।

घरबाट बाघको शिकार गर्न हिंडेको मान्छे म
काखीमा मरेको बिरालो च्यापेर घर फर्किदा
आमाले सोध्नुभो–"बाबु ! रामु काकालाई कस्तो छ ?"
बहिनीले सोधी–"शहरको के छ हाल खबर ?"
छोरीले सोधी–"बाबा ! चिडियाखानामा के के रहेछ ?"

शहरमा छिमेकमा को बस्छ ? छिमेकीलाई थाहा छैन
आमालाई के जवाफ दिऊँ ?
शहरमा जहाँ सडक हुनुपर्थ्यो त्यहाँ सडक थिएन
जहाँ घर हुनु पर्थ्यो त्यहाँ थिएन
बहिनीलाई के जवाफ दिऊँ ?
चिडियाखानाका जनावरहरु बाहिर सडकमा देखेँ,
म छोरीको प्रश्न बुझ्छु तर छोरी मेरो जवाफ बुझ्दिन !

म आमा, बहिनी र छोरीका सपनाहरु बोकेर हिडेको मान्छे
जेब्राक्रसमा हतारिंदै बाटो काट्दा कसैले रोकेन !
सांझ अबेरसम्म पेटीमा भौंतारिंदै हिंड्दा कसैले खोजेन !
भोक भोकै कति रात भुईं ओछ्याएर सुतें हुंला
"किन.... ....?" कसैले सोधेन शहरमा ।
र अन्तमा–गाउँको चीसो पानी र खुल्ला हावा सम्झदै
बहिनीका रहरहरु जेब्राक्रसमा किचिए पछि म फर्कें
आमाका सपनाहरु बाग्मती झैं सुकेपछि म फर्कें ।

इनरुवा (हाल–काठमाडौं)

# कलियुग

– पदम गौतम

त्रेता युगको अन्तिम–अन्तिम समय थियो । त्यस समयसम्म नैतिकता र प्रतिष्ठा एक आपसमा धेरै मिल्ने गर्दथे । जहाँ नैतिकता हुन्थ्यो, त्यहाँ प्रतिष्ठा भएर नै छाड्थ्यो । जहाँ प्रतिष्ठा हुन्थ्यो, त्यहाँ नैतिकता हुनै पर्दथ्यो । अतः प्रतिष्ठा पाउन खोज्ने हरेकले नैतिकतालाई आफ्नो साथ राख्नु पर्दथ्यो ।

समयको गतिसँगै नैतिकता र प्रतिष्ठाको मिलापप्रति ईर्ष्या गर्नेहरु पनि देखा परे । यसको अग्र भागमा कुबेरको नोकर दौलत थियो । कुवेरलाई दौलतले चाकडी गरेर रिझायो र भन्यो–'मालिक म अब आउँदो युगदेखि प्रतिष्ठा सँग सम्बन्ध राम्रो बनाउन चाहन्छु । मलाई हजूरको सहयोग चाहिएको छ ।' प्रतिष्ठा र त्यस समयका सत्ताधारी नेता ब्रह्मासँग पनि कुवेरको राम्रो सम्बन्ध थियो । उनले भने–'हुन्छ म प्रयास गर्नेछु ।'

कुवेरले ब्रह्माजीको चाकडी गर्न थाले । ब्रह्माजीले पनि सो चाकडी-बाट प्रभावित भएर एक बट्टा 'मति भ्रष्ट चूर्ण' दिँदै भने–'यो जसरी भएपनि प्रतिष्ठालाई खुवाउनू ।'

कुवेरले सो चूर्ण प्रतिष्ठालाई भोजमा निम्त्याएर खुवाए । त्यस दिन पश्चात प्रतिष्ठाको बुद्धि बिग्रँदै गयो र उसले दौलतको चाकडी गर्न थाल्यो । कलियुगको प्रारम्भसँगै नैतिकताले आफूलाई बदल्न नखोजेकोले, डाइनोसर जस्तै इतिहासको गर्भमा लोप भएर गयो ।

– मोरङ,

हाल : काठमाण्डौ, पो. ब. नं. : ३३१३

कविता

# माया र हाँसो

डि० बी० इलामे

धर्तीभरि हाँसोहरु छन्
हाँस्न खोज्नेहरु तिमी जस्तै
हाँस्न सकिरहेका छैनन्
आँखा भरि मायाहरु छन्
माया गर्न खोज्नेहरु तिमी जस्तै
माया लाउन सकिरहेका छैनन्
हाँसो पनि स्वार्थी रहेछ
सबैमा मुस्कुराउन सकिरहेको छैन
माया पनि बेगुनी रहेछ
सबैमा लाग्न पाइरहेको छैन
ओठ च्यातेर कसको मुख कसले हँसाउने ?
स्फूर्त हाँसोहरु निष्क्रिय भइदिन्छन्
पाखुरी समाई कसले कोसँग माया लगाउने ?
मात्र नरुचाइएका गाँसहरु कोच्याइन्छन्
आखिर ! इच्छा रहेछ 'माया र हाँसो'
आजको प्रतातन्त्र जस्तै ।

इलाम फूलगाछी

नव वर्ष २०५३ सालको उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा हार्दिक
मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।
**श्री नेपाल राष्ट्रिय विद्यापीठ मा. वि.**
श्रीपुर-मुर्ली, वीरगंज